नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

● वर्ष ४ ● अंक १५ ● २०८२ साल मंसिर ०९ गते मंगलबार ● Tuesday 25, November 2025 ● सूर्योदय: बिहान ०६:३२ बजे ● सूर्यास्त: साँझ ५:१२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

विराटनगरको लगातार तेस्रो जित
जनकपुर जितविहीन

समाचार पृष्ठ ६ मा



# मटकोर सम्पन्न, आज विवाह महोत्सव







**जनकपुरधाम**
त्रेता युगमा भएको भगवान रामसीताको विवाहको स्मरणमा बनाइने विवाहपञ्चमी महोत्सव अन्र्तगत मटकोर विधि भएको छ । सप्ताहव्यापी सीताराम विवाहपञ्चमी महोत्सवको पाँचौं दिन सोमबार जानकीको मटकोर भएको हो ।

विवाह पञ्चमीको पूर्व सन्ध्यामा सोमबार साँझ धार्मिक तथा ऐतिहासिक जनकपुरको गंगासागरमा राम र जानकीको मटकोर गरिएको हो । विवाहका लागि वेदी बनाउन पूर्व सन्ध्यामा गंगासागरबाट माटो ल्याउने विधिलाई मटकोर भनिन्छ ।

मटकोर गर्न जानकी मन्दिरबाट जानकीको प्रतिकात्मक स्वरुप बनाएर बाजागाजा र झाँकी किर्तनसहित डोला निस्किर तिहासिक गंगासागर पुगेको थियो ।

त्यहाँबाट वैदिक मन्त्रोच्चारण गरी विधिपूर्वक माटो जानकी मन्दिर ल्याएर वेदी तयार गरिन्छ । जानकी मन्दिरबाट नाच गान गर्दै साधुसन्तहरु मटकोरका लागि निस्केका थिए । जहाँ लाखौंको संख्यामा श्रद्धालुको उपस्थिति थियो ।

भोलि छैटौं दिन राम र जानकीको विवाह धुमधामसँग हुने छ ।

दिउँसो जानकी मन्दिरबाट जानकीको डोला र राममन्दिरबाट रामको डोला निस्केर बाह्रबिघा मैदानमा स्वयम्वर हुने छ भने साँझ जानकी मन्दिरमा मिथिलाको परम्परा अनुसार रातभर विवाहको कार्यक्रम चल्ने छ ।

## अग्निकुण्ड सुन्दर सदनको पाँचौं मटकोर समारोह कमला किनारमा सम्पन्न



**जनकपुरधाम।**
त्रेता युगमा भएको भगवान राम सीताको विवाहको स्मरणमा मनाइने मटकोर विधि सम्पन्न भएको छ। अग्निकुण्ड सुन्दर सदनद्वारा आयोजित पाँचौं मटकोर तथा श्री सिताराम विवाह महोत्सव यस वर्ष पनि भव्य रूपमा सम्पन्न भएको छ। 'कमला बचाउ अभियान'को सहकार्यमा विगत चार वर्षदेखिको परम्परालाई निरन्तरता दिंदै यसपालि पाँचौं संस्करण सफलतापूर्वक सम्पन्न गरिएको हो।

भनिन्छ त्रेतायुगमा कमला नदीमा नै सीताको मटकोर भएको थियो। यस संस्कृतिलाई जीवन्तता दिंदै सुन्दर सदन मन्दिरले कमलासम्म शोभा यात्रा निकाल्दै मटकोर कार्यक्रम गर्दै आएको छ।

अग्निकुण्ड सुन्दर सदन मन्दिर परिसरबाट सुरु भएको मटकोर यात्राले रामानन्दचोक,

बाँकी पृष्ठ २ मा

## विवाहपञ्चमी लक्षित ट्राफिक व्यवस्थापन

सीताराम विवाहपञ्चमी महोत्सवमा श्रद्धालुको भीड तीव्र रूपमा बढेपछि जानकी मन्दिर क्षेत्र आसपास सवारीसाधन आवागमन रोकिएको छ । भीड नियन्त्रण र सहज ट्राफिक व्यवस्थापनका लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले विस्तृत गुरु–योजना लागू गर्दै १ सय ४० जना ट्राफिक जनशक्ति खटाएको ट्राफिक प्रमुख प्रहरी निरीक्षक सूर्यबहादुर शाहीले जानकारी दिए ।

उनका अनुसार परिक्रमा सडकभित्र तथा मन्दिर वरिपरि तोकिएको क्षेत्रमा कुनै पनि गाडी प्रवेश गर्न नपाउने व्यवस्था गरिएको छ । मोटरसाइकलका हकमा भने त्यही क्षेत्रमा घर रहने स्थानीय तथा अस्पताल जानेलाई मात्र सहज आवागमनको अनुमति दिइने छ ।

जनकपुरमा प्रवेश गर्ने सवारीसाधनका लागि विभिन्न दिशाअनुसार छुट्टाछुट्टै पार्किङ स्थल तोकिएको छ ।

पूर्वतर्फ यदुकुहाबाट आउने सवारीसाधनहरुलाई पुल चौकको ५२ विघा, कप्लेश्वर तर्फबाट आउने सवारी साधनका लागि कप्लेश्वर चौकी नजिकको चौरमा पार्किङ्गको व्यवस्था मिलाइएको छ ।

यस्तै, पश्चिम तर्फ महोत्तरीको बलवा बिसपिट्टी तर्फबाट आउने सवारी साधनहरुलाई बलवा चौकीको छेउमा, आँखा अस्पताल अगाडि अग्नी कुण्डमा पार्किङ्गको व्यवस्था मिलाइएको छ ।

दिक्षणतर्फ जलेश्वरबाट आउने सवारी साधनहरुलाई नयाँ बस पार्कदेखि विन्हीसम्म र बिन्ही ६ लेन सडकमा पार्किङ्गको लागि ठाउँ छुट्याइएको छ भने जटहीबाट आउने सवारी साधनलाई ६ लेनमै व्यवस्था गरिएको छ । उत्तरबाट आउने सवारी साधनहरुलाई मुजेलियाको कवडहलको प्राङ्गनमा पार्किङ्गका लागि ठाउँ छुट्याइएको छ ।

जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवका अनुसार यो वर्ष करिब १० लाख श्रद्धालुभक्तजन आउने अनुमान गरिएको हो । विवाह हेर्न नेपालसहित भारतको विभिन्न स्थानबाट श्रद्धालुभक्तजनहरु आउन थालेपछि अहिले सुरक्षा व्यवस्था कडा पारिएको छ भने ठूलो मात्रामा प्रहरी परिचालन गरिएको छ ।

### • मधेश प्रदेशभर सार्वजनिक बिदा

मधेश प्रदेश सरकारले विवाहपञ्चमी महोत्सवको अवसरमा मंगलबा प्रदेशभर

बाँकी पृष्ठ २ मा






# ३० करोडभन्दा बढीको सुनचाँदी लिएर ‘सुनील बम्बइया’ फरार

**मधेशदृष्टि**
**रक्सौल, भारत ।**
सीमा क्षेत्र रक्सौल, सुगौली, वीरगंज र वरपरका बजारमा परिचित सुनचाँदी जाँच गर्ने परखी सुनील बम्बइया अचानक सम्पर्कविहीन भएका कारण सर्राफ बजारमा ठूलो हलचल मच्चिएको छ । स्रोतका अनुसार उनले करिब ३० करोड रुपैयाँभन्दा बढी मूल्यको सुनचाँदीका गहना लिएर फरार भएको आशंका गरिएको छ ।

व्यापारीक स्रोतका अनुसार सुनीलले पछिल्लो दुई वर्षदेखि रक्सौल, वीरगंज र सुगौलीमा आफ्ना केन्द्र सञ्चालन गर्दै स्थानीय आभूषण व्यवसायीबीच भरपर्दो परखीको छवि बनाएका थिए । ग्राहकले ल्याएका पुराना सुनचाँदीका गहना व्यवसायीले उनलाई पठाउने गर्थे, जहाँ तेजाबी प्रक्रियामार्फत धातुको शुद्धता र वास्तविक तौल निर्धारण गरिन्थ्यो । उनको रिपोर्टकै आधारमा कारोबारको मूल्य निर्धारण गरिन्थ्यो ।

रक्सौल, वीरगंज, सुगौली, रामगढवा, सिकटा, घोडासहन शहरदेखि समस्तीपुरसम्म उनको रिपोर्टलाई अन्तिम र विश्वसनीय मानिन्थ्यो, जसका कारण ठूलो परिमाणमा गहना उनीकहाँ जम्मा हुन्थे । शनिबार रातिदेखि उनको मोबाइल फोन बन्द छ र कार्यालय पनि बन्द छ । यसपछि स्थानीय बजारमा खलबली मच्चिएको छ । धेरै आभूषण व्यवसायीले यो घटना लाखौँ नभई करोडौँको क्षति भएको बताउँदै आएका छन् ।

यस घटनासँग जोडिएर केही व्यवसायी बिनाअनुमति ‘तेजाबी परख’ र उधारो कारोबार गर्दै आएको तथ्य पनि बाहिर आएको छ । ग्राहकका गहना धितो राखेर ब्याजमा पैसा दिने काम गैरकानुनी ढङ्गले हुँदै आएको बताइएको छ । यही कमजोरीको फाइदा उठाउँदै सुनील फरार भएको आशंका गरिएको छ । अहिलेसम्म यस विषयमा औपचारिक रूपमा प्रहरीमा उजुरी दर्ता भएको छैन ।

गैरकानूनी कारोबार खुल्ने डरले धेरै व्यवसायीहरू अगाडि आउन डराइरहेका छन् । सम्पूर्ण सर्राफ बजार यतिबेला तनावग्रस्त अवस्थामा छ र व्यवसायीहरू आफ्नै स्तरबाट आरोपीको खोजीमा जुटेका छन् । भित्री स्रोतका अनुसार यो घटना पछिल्ला धेरै वर्षयताकै सबैभन्दा ठूलो सुन–घोटाला हुनसक्ने आशंका गरिएको छ, यद्यपि आधिकारिक कारबाहीको अभावमा विषय अझै अनिश्चित छ ।

# सिम्रौनगढमा तस्कर समूह र प्रहरीबीच गोली हानाहान

**मधेशदृष्टि**
**बारा।**
पचरौता नगरपालिका–६ मा तस्करी रोक्ने क्रममा प्रहरी र तस्कर समूहबीच गोली हानाहान भएको छ। आइतबार राति करिब १०ः४५ बजे इलाका प्रहरी कार्यालय सिम्रौनगढबाट खटिएको गस्ती टोलीले भारतको हनुमाननगरतर्फबाट नेपालतर्फ आउँदै गरेका करिब २५ तस्करको समूहसँग जम्का भेट भएको थियो।

नम्बर नखुलेको ट्र्याक्टरमा तस्करीका सामान लोड गरी आउँदै गरेका उनीहरूलाई रोक्ने क्रममा तस्कर समूहले प्रहरीमाथि कटुवा बन्दुकबाट २ राउन्ड गोली प्रहार गरेका थिए।

त्यसपछि प्रहरी गस्ती टोलीले उनीहरूलाई रोक्न ९ एमएम पेस्तोलबाट ७ राउन्ड जवाफी फायर गरेको जिल्ला प्रहरी स्रोतले जनाएको छ।

गोली हानाहानपछि तस्कर समूह ट्र्याक्टरसहित भारततर्फ फरार भएका थिए। घटनाको जानकारी पाउनासाथ प्रहरी निरीक्षक कृष्णदेव प्रसाद साहको कमाण्डमा थप १० जनाको प्रहरी टोली घटनास्थल पुगेको थियो।

अनुगमनक्रममा तस्करहरूले प्रयोग गरेका मोटरसाइकल र अन्य सामग्रीहरू नेपाल–भारत सीमाको दशगजा क्षेत्रमा छोडेर भागेको अवस्थामा प्रहरीले बरामद गरेको छ।

# १५ दिनपछि जिम्मेवारी, १५ दिन टिक्न कठिन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले १५ दिनपछि मन्त्रीहरुको जिम्मेवारी बाँडफाँड गरेका छन् । तर मुख्यमन्त्री यादवले कात्तिक २२ गतेभित्र विश्वासको मत लिनु पर्ने भएकाले जिम्मेवारी पाएका मन्त्रीहरुले १५ दिन पनि काम गर्न पाउँछन् कि पाउँदैनन् भन्ने संशय देखिएको छ । मधेश प्रदेश सभामा एमाले एक्लो भएको छ भने अरु दुई तिहाइ यतिखेर एकतिर छन् ।

मन्त्रिपरिषद्मा समावेश भएका नयाँ मन्त्रीहरूको जिम्मेवारी सोमबारदेखि लागु हुने गरी सार्वजनिक गरिएको छ । मुख्यमन्त्री यादवले आफूले ९ मन्त्रालय सम्हालेर तीन मन्त्रीलाई विभिन्न मन्त्रालयको जिम्मेवारी दिएका छन् । मुख्यमन्त्रीले सम्हाल्ने मन्त्रालयमा भौतिक पूर्वाधार विकास, भूमि व्यवस्था, कृषि तथा सहकारी, उद्योग, वाणिज्य तथा पर्यटन, शिक्षा तथा संस्कृति, स्वास्थ्य तथा जनसंख्या, अर्थ, खेलकुद तथा समाज कल्याण, श्रम तथा यातायात र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय छ । यसैगरी, लखन दास तत्माले ऊर्जा, सिञ्चाइ तथा खानेपानी मन्त्रालय, बिमला अन्सारीले गृह, सञ्चार तथा कानून मन्त्रालय र कञ्चन बिच्छाले वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी पाएका छन् ।

मुख्यमन्त्री यादवले मन्त्रालयबीच समन्वय बढाउने, सेवा प्रवाह प्रभावकारी बनाउने र कामको गति तीव्र पार्ने उद्देश्यले कार्यविभाजन स्पष्ट गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# निर्वाचन केन्द्रित कार्यक्रममा सक्रिय बन्दै आजपा

**मधेशदृष्टि**
**काठमाडौँ।**
२१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा सहभागिताका लागि निर्वाचन आयोगमा दल दर्ता गराइसकेको आम जनता पार्टी (आजपा)ले काठमाडौँ उपत्यकाको १५ वटै निर्वाचन क्षेत्रमा कमान्डर तोक्दै निर्वाचनको आन्तरिक तयारीमा होमिएको छ।

काठमाडौँ उपत्यका विशेष कमिटीको बसेको सचिवालय बैठकले काठमाडौँ, ललितपुर र भक्तपुरको १५ वटै निर्वाचन क्षेत्रमा इन्चार्ज र संयोजकको जिम्मेवारी तोक्दै निर्वाचनको तयारीमा जुटेको हो। आजपाको प्रतिनिधि सभाको निर्वाचनमा सहभागिताका लागि दल दर्ता गराइसकेको छ।

आजपाद्वारा घोषित संघर्ष एवम् आन्दोलनका कार्यक्रमसहित निर्वाचनमा पनि सहभागि हुने आजपा अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले जनाएका छन्। निर्वाचनबाट पछाडि हटनुपर्ने कुनै कारण नभएको बताउँदै उनले निर्वाचनमा सहभागी भएर ताजा जनादेशसहित राजनीतिक दलहरु अगाडि बढ्नुपर्ने उनले बताए।

आजपा प्रवक्ता एवम् उपत्यका विशेष कमिटीका इन्चार्ज चन्द्रभुषण साहले काठमाडौँ उपत्यकाको १५ वटै निर्वाचन क्षेत्रमा पार्टीले उम्मेदवार उठाउने बताए । बैठकले त्यसको आन्तरिक तयारीका लागि कमान्डर तोकिएको उनले जनाएका छन्।

काठमाडौँ क्षेत्र नं. १ को इन्चार्जमा अमर लिम्बु, संयोजकमा रामनारायण शाह, क्षेत्र नं. २ मा इन्चार्ज कालबहादुर विक, संयोजकमा एमडी सत्तार, क्षेत्र नं. ३ मा इन्चार्ज वीरबल यादव, संयोजकमा उमेश शाह, क्षेत्र नं. ४ मा इन्चार्ज मिना देवी, संयोजकमा कृष्ण यादव, क्षेत्र नं. ५ मा इन्चार्ज सरोज श्रेष्ठ, संयोजकमा जोगेन्द्र यादव, क्षेत्र नं. ६ मा इन्चार्ज सुभाष साह र संयोजकमा कोशिला साह छन्।

यसैगरी, काठमाडौँ क्षेत्र नं. ७ इन्चार्ज उदयचन्द्र प्रसाद, संयोजकमा श्रीकिशुन बैठा, क्षेत्र नं. ८ मा इन्चार्ज अनु कुमारी, संयोजकमा सनत भट्टराई, निर्वाचन क्षेत्र नं. ९ मा इन्चार्ज रामेश्वर उपाध्याय, संयोजकमा काइला महर्जन र क्षेत्र नं. १० मा इन्चार्ज रविन्द्र सिंह तथा संयोजकमा रविन्द्र उपाध्यायलाई जिम्मेवारी तोकिएको प्रवक्ता साहले जनाएका छन्।

यस्तै, ललितपुर क्षेत्र नं. १ मा इन्चार्ज सीमा जयसवाल, संयोजकमा उपेन्द्र रौनियार, क्षेत्र नं. २ मा इन्चार्ज उपेन्द्र साह, संयोजक इन्दल साह, क्षेत्र नं. ३ मा इन्चार्ज देवेन्द्र ठाकुर र संयोजकमा प्रदिप विक्रम शाह छन्। यसैगरी भक्तपुर क्षेत्र नं. १ मा इन्चार्ज लखिन्दर साह, संयोजकमा नरेश खड्की र क्षेत्र नं. २ मा इन्चार्ज देवकुमारी साह, संयोजकमा सुमि धिमाललाई बैठकले जिम्मेवारी तोकिएको छ।

# अग्निकुण्ड सुन्दर सदनको...

पिराडीचोक, पुलचोक, सहिद मार्ग हुँदै कमला नदी किनारस्थित मरानघाटमा पुगेर धार्मिक विधि–विधानअन्तर्गत मटकोर सम्पन्न गरियो। यात्राभरि भक्तजन, साधुसन्त तथा स्थानीय बासीको उत्साहपूर्ण सहभागिता देखिन्थ्यो।

यस कार्यक्रमलाई सफल बनाउन कमला बचाउ अभियानका संयोजक विक्रम यादवको विशेष भूमिका रहँदै आएको छ। यिनैको नेतृत्व तथा निरन्तर सक्रियताले नै यस धार्मिक–सांस्कृतिक परम्परालाई संरक्षण र विस्तार गर्न सहयोग पुगेको आयोजकले बताएका छन्। कार्यक्रममा रामायण सर्किट, भारत सरकारका चेयरम्यान डा. राम अवतार शर्मा, , विभिन्न मठ–मन्दिरका महन्थ, विभिन्न धार्मिक सबैराहरूका प्रतिनिधि तथा हजारौँ भक्तजनहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

अग्नि कुण्ड मन्दिरका महन्थ किशोर शरणले कमला मटकोर कार्यक्रम संस्कार, संस्कृति र आस्थासँग जोडिएको महत्त्वपूर्ण धार्मिक परम्परा भएको बताउँदै आगामी वर्षहरूमा पनि निरन्तरता दिइने जानकारी दिए । उनले कमला एउटा नदी मात्र नभएर एउटा जीवन्त संस्कृति भएको कारणले यसको संरक्षण र विकासमा जोड दिएका थिए। यसवर्ष पनि हजारौँ श्रद्धालु सहभागी रहेको मटकोर कार्यक्रम कमला नगरपालिका–६ स्थित कमला नदी किनारमा सम्पन्न भएको हो। कार्यक्रमलाई कमला बचाउ अभियानी, हिन्दु सम्राट सेना तथा विभिन्न धार्मिक समूहहरूले आफ्नो उपस्थिति र सहयोग प्रदान गरेका थिए। शोभा यात्रा जुन जुन गाउँबाट जाँदै थियो स्थानीयहरु हर्ष उल्लास र फूल वर्षा गर्दै स्वागत गरेका थिए। मटकोर कार्यक्रममा मिथिलानीहरूले मैथिली गीत गाएर उमङ्ग मनाएका थिए। विवाहको लागि निर्माण गरिने विवाह मण्डपका लागि वेदि यसैमाटोबाट निर्माण गरिन्छ। त्रेता युगमा भएको राम सीताको विवाहको स्मरणमा मनाइने विवाह पञ्चमी महोत्सव जनकपुरको हरेक मठ मन्दिरमा उल्लासका साथ मनाइने गरिन्छ तर सुन्दर सदनमा भने विवाह महोत्सवको दिन विशेष आकर्षण हुने गरेको छ।

# जनकपुरधाममा बृहत स्वास्थ्य शिविर

**जनकपुरधाम।**
रामजानकी विवाह पञ्चमी महोत्सवको अवसरमा नेपाली सेनाले जनकपुरधामस्थित बारबिघामा तीनदिने बृहत स्वास्थ्य शिविर आयोजना गरेको छ । शिविर मधेश प्रदेशका प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले उद्घाटन गरे । तीन दिनसम्म सञ्चालन हुने शिविरमा बाल रोग, फिजियो थेरापी, हाडजोर्नी, छाला रोग, नाक कान र घाँटी, स्त्री रोग र आँखासम्बन्धी मोतिया बिन्दुको उपचार हुने नेपाली सेना शिविर व्यवस्थापन समितिले जनाएको छ । शिविरमा निःशुल्क र शल्यक्रिया गरिने बताइएको छ। शिविरमा नेपाली सेनाका चार जना चिकित्सक काठमाडौँबाट र अन्य स्वास्थ्यकर्मी जनकपुर प्रदेशिक अस्पतालबाट खटिएका छन् । प्रदेश प्रमुख कर्णले श्री मध्यपूर्वी पृतना बर्दिवासअन्तर्गत युनिटहरुको संयोजनमा आयोजित शिविरबाट धेरै




स्थानीयले लाभ लिने बताए।

मध्य पूर्वि पृतना बर्दिवासका पृतनापति एव उपरथी कृष्णबहादुर जिसीले रामजानकी विवाहपञ्चमी मधेश प्रदेश मात्र नभइ नेपालकै ठूलो उत्सवको रुपमा रहेको बताए।

त्यस अवसरमा मधेश प्रदेश सरकारका मन्त्रीहरु लखन दास, कन्चन विच्छा, बृहतर जनकपुर क्षेत्र विकास समितका अध्यक्ष शीतल साह, धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलसहित उच्च सुरक्षा अधिकारीहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधि, उद्योगी व्यवसायी, नागरिक समाज र आमनागरिकको सहभागी रहेको श्री विष्णु दल गण धनुषा महेन्द्रनगरका गणपति खिलेन्द्रराज अमगाईंले जानकारी दिए।

तीन दिनसम्म सञ्चालन हुने स्वास्थ्य शिविरमा स्वास्थ्य उपचारका साथै नेपाली सेनाको फोटो प्रदर्शनी, राष्ट्रिय सेवा दलसम्बन्धी जानकारीमूलक प्रदर्शनी, नेपाली सेनाको भर्ना र छनौटसम्बन्धी जानकारीमूलक प्रदर्शनी, सर्पदंशको उपचारसम्बन्धी प्रदर्शनीसमेत राखिएको छ।

# दलहरुबीच एकता र विभाजन निर्वाचन लक्षित मात्रै हो ?

**काठमाडौँ ।**
जेन्जी आन्दोलनपछिको राजनीति परिस्थिति र आमनिर्वाचन घोषणा भएसँगै पछिल्लो समय मुलुकका राजनीतिक दलभित्र विभाजन र एकताको लहर चलेको छ । विभाजन र एकताका शृङ्खला पुराना राजनीतिक दलमा नभई पछिल्लो समय वैकल्पिक शक्तिका रुपमा उदाएका दलहरुमा दोहोरिएको छ ।

त्यति मात्रै होइन, भ्रष्टाचार र बेथिति अन्त्यलगायत मुद्दा सारेर आन्दोलनमा होमिएका जेनजीका प्रतिनिधिबीच पनि कतिपय विषयमा मतैक्यता छैन । विशेषगरी शासकीय स्वरुप, संविधान संशोधन, निर्वाचन प्रणालीलगायत विषयमा उनीहरुबीच पनि फरक मत छ ।

खासगरी दलहरुबीचमा वैचारिक दृष्टिकोणभन्दा पनि तत्कालको परिस्थितिबाट फाइदा लिने अभिप्रायका साथ विभाजन र एकताका घटनाक्रम देखिएको विश्लेषकको भनाइ छ ।

पछिल्लो समय नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), राष्ट्रिय स्वतन्त्र पार्टी, नागरिक उन्मुक्ति र जनमत पार्टीबाट केही नेताहरु अलग्गिएर पार्टी तथा नयाँ राजनीतिक शक्ति निर्माणमा जुटेका छन् । माओवादी केन्द्र, एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टीलगायत विभिन्न १० राजनीतिक दल र राष्ट्रिय राजनीतिमा चर्चामा रहेका केही नेता मिलेर नेपाली कम्युनिष्ट पार्टी गठन भइसकेको छ । विभाजन र एकताको शृङ्खलामा विगतमा झैँ यसपटक पनि वामपन्थी विचारधाराका दलहरु नै अग्रस्थानमा छन् ।

वरिष्ठ अधिवक्ता रामनारायण बिडारी यस परिघटनालाई निर्वाचन लक्षित कार्यक्रमका रुपमा हेर्नुहुन्छ । ‘निर्वाचन घोषणा भएको हुनाले परिणाम आफ्नो पक्षमा पार्न दलहरु जुट्ने र विभाजन हुने यो निर्वाचन लक्षित कार्यक्रम मात्रै हो । यो असैद्धान्तिक छ, सिद्धान्त, विचार र दृष्टिकोणमा एकता देखिन्न,’ उनले भने ।

यसलाई सबै दलमा बढिरहेको असन्तुष्टि तथा जेन्जी आन्दोलनपछि नेताहरुमा देखिएको विचलित र त्रसित मानसिकताको उपजका रुपमा हेरिनुपर्ने उनको मत छ ।

पछिल्लो समय राजनीतिक दल पुनः गठन गर्ने भन्दै आफ्नो दल त्यागेका नेताहरु फेरि नयाँ दल सिर्जना गर्ने अभियानमा विभिन्न कोणबाट छलफलमा जुटेका देखिन्छन् । सो क्रममा माओवादीबाट अलग्गिएर प्रगतिशील राष्ट्रिय अभियान सञ्चालन गरेका नेता सुदन किरौंती, नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का संयोजक दुर्गा सोब र रास्वपा छाडेका नेता सन्तोष परियारबीच आगामी मङ्सिर पहिलो साता पार्टी एकता घोषणा गर्ने सहमति भइसकेको छ । साथै जेन्जीका अगुवामध्येका एक मिराज ढुङ्गानाले पनि पार्टी गठन गर्ने भन्दै पत्रकार सम्मेलन नै आयोजना गरिसकेका छन् । यद्यपि उनले निर्वाचन आफूहरुको माग र प्राथमिकता नभएको उल्लेख गर्दै विकास र सुशासन पहिलो सर्त भएको बताउछन् ।

अधिकारकर्मी डा राधा पौडेललाई भने राजनीतिक दलमा देखिएको फुट र जुट ‘रमिता’ जस्तो लागेको छ ।

‘जेन्जी विद्रोह र भोलिपल्टको घटनाभित्र लुकेका अन्तरनिहित कारण र आयामलाई जोड्नुपर्नेमा यसमा राजनीतिक दल चुके,’ उनले भनिन, ‘त्यो कार्यभारप्रति ध्यान नदिएर दलमा एकता र विभाजन देखिएको छ । यसले हामीलाई कहीँ पनि पुर्‍याउँदैन ।’

दलहरुमा आन्तरिक लोकतन्त्र कमजोर भएको र उनीहरुले आशा दिलाउन नसक्दा आफैँमा टुटफुटको अवस्थामा पुगेको उनको भनाइ छ । मुलुकमा देखिएको बेथितिको कारणबारे एकरुपता नदेखिँदा ‘बिरामी एउटा छ, उपचार अर्को’ जस्तो भइरहेको अधिकारकर्मी पौडेलको टिप्पणी छ ।रासस

# विवाहपञ्चमी लक्षित ट्राफिक...

सार्वजनिक बिदा दिएको छ ।

मधेश प्रदेशको गृह, सञ्चार तथा कानून मन्त्रालयले सूचना जारी गर्दै मंगलबार प्रदेशभर सार्वजनिक बिदा रहेको जनाएको छ । एक सातासम्म मनाइने विवाह महोत्सवअन्तर्गत मुख्य दिन मंगलबार स्वम्वर तथा रातिमा वैवाहिक कार्यक्रम रहेको छ ।

## माछा–मासु र मदिरा बिक्री वितरणमा रोक

विवाहपञ्चमी महोत्सवका अवसरमा जनकपुरधाममा सोमबारदेखि तीन दिनसम्म माछा–मासु र मदिरा बिक्री वितरणमा जिल्ला प्रशासन कार्यालय धनुषाले रोक लगाएको छ।

आज राति १२ बजेदेखि १० गते राति १२ बजेसम्मका लागि उक्त रोक लगाएको हो ।

विवाहपञ्चमी महामहोत्सव यही मङ्सिर ९ गते सुरक्षित, मर्यादित र सौहाद्र्रपूर्ण वातावरणमा मनाउने सन्दर्भमा बसेको सरोकारवालासँगको बैठक तथा जिल्ला सुरक्षा समितिको निर्णयबमोजिम उक्त निर्णय गरिएको सहायक प्रमुख जिल्ला अधिकारी उमेशकुमार दाहालले जानकारी दिए ।

जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको सूचनामा जनकपुरधाम उपमहानगरपालिकाको परिक्रमा क्षेत्रभित्र र परिक्रमा सडकको दायाँबायाँ मदिरा बिक्री–वितरण, पशुपक्षी मारकाट, माछा मासु बिक्री–वितरण, उत्पादनलगायत अन्य नसालु पदार्थको सेवन गर्न पूर्ण रुपमा निषेध गरिएको उल्लेख छ ।

सूचना विपरीत निषेधित क्षेत्रमा उक्त कार्य गरिएमा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही भई जाने व्यहोरा उल्लेख गरिएको छ । मिथिलाको सांस्कृतिक, धार्मिक र पौराणिक पर्वका रुपमा रहेको रामजानकी विवाह महोत्सवलाई लक्षित गरी निषेध गरिएको सहायक प्रजिअ दाहालले बताए ।

यसैबीच विवाहपञ्चमी महोत्सवमा कुनै अप्रिय घटना हुन नदिन तथा शान्तिसुरक्षा प्रभावकारी बनाउन जनकपुरधाममा नेपाल प्रहरी र शास्त्र प्रहरीका गरी करिब दुई हजार सुरक्षाकर्मी परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जानकारी दिए ।

तस्बिरः रामजानकी विवाहपञ्चमी महोत्सवको पाँचौँ दिन सोमबार जनकपुरधामको गङ्गासागर पोखरीमा मटकोर विधि कार्यक्रम हेर्ने भक्तजनको घुइँचो ।

# चुहिएको छानो र झ्यालको पल्ला फेर्ने देवको सपना अधुरै


सिङ्घबहादुर थापा

**सर्लाही ।**
छब्बीस वर्षीया पार्वती सुवेदीको अझै मन सम्हालिएको छैन् । उनलाई गत भदौ २४ गतेको त्यो दिनले अहिले पनि एक्लै बस्न दिँदैन । त्यो दिन सम्झँदा अहिले पनि उन भक्कानिन्छन् । सत्ताइस वर्षका श्रीमान् देवकुमार सुवेदीको जेन्जी आन्दोलनको क्रममा गोली लागेर मृत्यु भएपछि उनका हरेक दिनहरू पीडामा बितेका छन् ।

आफूनो जीवनको खुसी खोसिएको भदौ २४ गतेले आफूलाई बेलाबेलामा झस्काउने गरेको उनी सुनाउँछिन् । 'दिनभरि यताउता गरेर बित्छ, जब साँझ पर्छ, श्रीमान् आउनु हुन्न भन्ने मनमा पर्दा मन भक्कानिएर आउँछ,' आपूm र श्रीमान्ले भएको ऋणधन तिरेर छोरीको भविष्य बनाउन देखेको सपनाले सताइरहेको उनले बताइन् ।

भदौको तेस्रो हप्ता जेन्जी आन्दोलन हुने हल्ला शुरु भयो । आन्दोलन कस्तो होला ? अन्योल थियो । देवकुमार पनि श्रीमती र छोरीसहित ललितपुरको सानेपामा रहेको सडक डिभिजन कार्यालयमा ज्यालादारी कर्मचारीको रुपमा कार्यरत थिए । कार्यालय सहयोगी, चालकदेखि सुरक्षा गार्डसम्मको काम गर्ने भएकाले उनी कार्यालय परिसरमै रहेको क्वाटरमा बस्ने गर्थे ।

पहिलो दिनको आन्दोलनमा केही विद्यार्थीको गोली लागेर ज्यान गएपछि भोलिपल्टको अवस्था थप जटिल बन्यो । भदौ २३ गते आन्दोलन हुँदासम्म काठमाडौँका अधिकांश कार्यालय सञ्चालनमै थिए । त्यसकारण देवकुमार पनि कार्यालयमै व्यस्त भए । तर, दिउँसो भएको आन्दोलन अनियन्त्रित भएपछि काठमाडौँमा कफ्र्यू आदेश जारी भयो ।

अधिकांश मानिस अघिल्लो दिनको बर्बरतापूर्ण दमनको प्रतिकारमा उत्रन आतुर देखिएका थिए । सोही हुटहुटीले देवकुमारलाई पनि सडकसम्म ल्यायो । 'बिहानै अफिसको मोटामोटी काम सकेर उहाँ कोठामा आउनुभयो," पार्वतीले भनिन्, 'मैले आज अफिस खुल्छ त ? भनेर सोधेँ । उनले खै भन्ने जवाफ दिनुभयो ।'

हामी कोठामा नियमित काममा लाग्यौँ । हाम्रो नौ वर्षकी छोरी छिन् । उनी मसँगै थिइन् । उनको कामबाट आएको तलबले मात्र हामीलाई खर्च कम हुन्थ्यो । थोरै भए पनि सहयोग हुन्छ, भनेर मैले पनि बिहानको समयमा काम गर्ने गरेको थिएँ । यसरी पनि नहुने भयो भनेपछि उनले एकजना दाजुसँग मिलेर बिहान–बेलुका कालीमाटीमा तरकारी व्यापार गर्ने योजना बनाए ।

घटनाको दिन स्मरण गर्दै पार्वती भन्छिन्, 'त्यो दिन सडक विभागको कार्यालय बन्द हुने भएपछि तरकारी व्यापार साझेदारसँग भेटेर फर्पिङमा लप्सीका लागि अपुग पैसा पु¥याउन जाने भनेर ३५ हजार रुपैयाँ बोकेर निस्के । उनले जाने बेलामा साझेदार दाजुकोमा खाना खाने योजना छ भनेर सुनाए । त्यसपछि आमाछोरी खाना खान बसे । उनले भने गाडी नपाएपछि घर फर्केका रहेछन् । 'पैसा पठाई दिएँ तर जान मिलेन भनेर घर आउनु भएपछि मैले खान खानु न त भनेँ, उहाँले मान्नु भएन । आन्दोलन हेरेर आउँछु भनेर निस्कनुभयो । आन्दोलनमा होमिएकाहरुलाई उनले खाना फलफूल बाँडेर आउनुभएको रहेछ । मैले पनि त्यही खाएँ भनेर, खान खान मान्नु भएन । ब्याग र नयाँ जुत्ता कोठामै राखेर पुरानो जुत्ता लगाएर फेरि जान्छु भनेर हिँड्नुभयो,' उनले सुनाइन् ।

पार्वती भन्छिन्, 'मैले नजानुस् हिजो त्यस्तो घटना भएको छ । भनेर सम्झाउन खोजेँ तर उनले बाहिर देश परिवर्तनको आँधीबेहरी चलेको छ । हामी जस्तो युवा घरमा लुकेर बसेर हुन्छ ? देश लुटेराहरुले भ्रष्टाचार गरेर आफू मात्र बने, देश खोक्रो पारे । म कालीमाटीसम्म पुगेर हेरेर आउँछु, भन्दै उन हिँड्नुभयो । म र छोरी खाना खाएर बसेका थियौँ । एकैछिनमा बल्खु तर्फबाट ठूलो संख्यामा आन्दोलनकारीहरु आए । त्यो देखेपछि मेरो मनमा पनि चिसो पस्यो । त्यतिबेलासम्म मेरो दिदी पनिसँगै हुनुहुन्थ्यो । दिदीलाई अनुरोध गरेर श्रीमान्लाई खोज्न हिँडेका हामी आन्दोलनकारीको भीडमा हराएपछि दिदीले सानो नानी बोकेर यस्तो भीडमा हिँड्नु हुन्न, उहाँ आउनुहुन्छ भनेपछि हामी कोठामा फर्कियौँ ।'

कोठामा फर्किएको केही बेरमै कोठा नजिकै होटल चलाउने दाजुले आएर बहिनी अस्पताल जानुप¥यो भन्नुहुँदा उनको मनमा चिसो पस्यो । उनी सम्झिन्छन्, 'म त्यसबेला नै बेहोस हुन्छु कि जस्तो भइसकेको थिएँ । मैले के भयो दाजु ? भनेर सोधेँ, उनले भाइलाई खुट्टामा गोली लागेको छ, जानुप¥यो भन्नुभयो ।

उनले म सम्हालिन्न भनेर झुटो बोल्नुभएको रहेछ । यतिकैमा दिउँसोको ३ बजिसकेको थियो होला । हामी हस्याङफस्याङ गर्दै अस्पताल पुग्दा उनलाई शल्यक्रियाको लागि लैजाँदै रहेछन् । उनले हातको इसाराले मलाई केही हुन्न मलाई ठीक छ, तिमी जाउ भन्नुभयो ।'

श्रीमान्को दायाँ कोखाबाट लागेको गोली बायाँ कोखाबाट निस्किएको थियो भन्ने सुनेपछि उनलाई के भयो, केही थाहा छैन । भोलिपल्ट बिहान ९ बजेतिर उनको मृत्यु भयो भनेर डाक्टरहरुले भने त्यसपछि उन मुर्च्छित भइन् ।

पछि जेठाजुहरु आएर अस्पतालबाट शव निकालेर पशुपतिमा अन्त्येष्टि गरी सर्लाहीको घरमा काजक्रिया गरेको उनी बताउँछिन् । घटनापछि टुटेको मन छोरीलाई हेरेर सम्हाल्ने गरेको पार्वतीको भनाइ छ । श्रीमान्ले आफूसँग कठोर दुःख गरेर भए पनि छोरीको भविष्य राम्रो बनाउने सपना देखेको सुनाउने गरेको उनले बताइन् ।

आफूले श्रीमान् गुमाए पनि उनको बलिदानी खेर जानु नहुने उनको माग छ । 'उहाँ जस्ता धेरैको ज्यान गयो,' पार्वतीले भनिन्, 'उहाँहरुले देशको भ्रष्टाचार र बेथितीविरुद्ध आफ्नो ज्यान दिनुभएको हो । त्यो अन्त्य भए मात्र उहाँहरुको बलिदानीले सार्थकता पाउँछ ।' अब बन्ने सरकारले जेन्जीको एजेन्डाअनुसार नै काम गर्नुपर्ने उनले मागसमेत राखिन् । जेन्जी आन्दोलनमा ज्यान गुमाएकाहरुसँगै पीडित बनेका परिवारको अवस्था बुझेर व्यवस्थापन गर्न राज्यसँग उनको अनुरोध छ । 'यहाँ एक व्यक्ति मरेको मात्र छैन्,' उनले भनिन्, 'बाआमाको सन्तान खोसिएको छ । श्रीमतीको सिउँदो पुछिएको छ । सन्तान टुहुरा बनेका छन् । राज्यले यति ठूलो क्षतिको नजरअन्दाज गर्न मिल्दैन । यो कसैलाई पद र प्रतिष्ठा प्राप्त गर्न बगेको रगत हैन ।'

श्रीमतीसँगै कल्कलाउँदो उमेरको सन्तान वियोगको वेदनाले देवकुमारका ८५ वर्ष उमेर पुगेका बुबा उजिरबहादुर र ६७ वर्षकी आमा यशोदाकुमारी पनि विक्षिप्त छन् । पाँच छोरा र दुई छोरीका मातापिता उजिरबहादुर र यशोदाको यो दोस्रो सन्तान वियोगको पीडा हो ।

२०७० सालतिर बिच्छीले टोकाइबाट काइलो छोरा बितेको पीडा ताजै छ ।

सानैदेखि अति मिलनसार स्वभावका देवकुमारले कक्षा २ सम्मको पढाइ कटारी र एसएलसीसम्मको अध्ययन सिन्धुलीको दुधौलीमा पूरा गरेका थिए ।

हक्की स्वभावका उनी छिट्टै भावनात्मक र आक्रामक हुने गरेका साइला दाजु भानुभक्तले सुनाए । जो कोहीसँग पनि छिट्टै घुलमिल हुनसक्ने स्वभावका देवकुमारलाई कार्यालयमा समेत सबैले रुचाउने गरेका उनको भनाइ छ । उदयपुर जिल्लाको कटारी नगरपालिका–११, हर्देनी पुर्खौली थातथलो रहेको सुवेदी परिवार आठ वर्षअघि मात्र सर्लाहीको लालबन्दी नगरपालिका–५, मेजरगञ्जस्थित शान्तिटोलमा बसाइँ सरेर आएको हो । गत साउनमा कार्यालयको कामले देवकुमार घर आएका थिए । त्यसबेला भएको भेट नै उनका बुबा र आमासँगको अन्तिम भेट भयो । साउन अन्तिममा घर आएका देवकुमारले छानो चुहिएको देखे । झ्यालमा पल्ला नहुँदा हिउँद् वर्षामा बस्न निकै समस्या भएकाले माघमा आएपछि छानो छाउने र झ्यालमा पल्ला लाउने भनेर जानुभएको बुबा उजिरबहादुर सम्झन्छन् ।

हरेक पटक चुहिने छानो र झ्यालको पल्ला देख्दा छोरोको झझल्को आउने गरेको गहभरि आँसु पार्दै उजिरबहादुरले सुनाए । उजिरबहादुर कान सुन्दैनन् भने आमा यशोदाको फोक्सोमा समस्या छ । अहिले पनि नियमितजसो उपचारको लागि काठमाडौँ जाने गरेको उनले सुनाइन् । कान्छो छोरा बितेपछि पनि उनी काठमाडौँ पुगेका रहेछन् तर छोराको सम्झनाले पुरानो ठाउँ र अस्पताल जान सकेनन् ।

'यसपटक साइलो छोराले अर्कै अस्पताल खोजेर उपचार गराएर पठायो । यताको सबै कुरा छोराहरुले हेरिरहेका छन् । महिनाको छ–सात हजार रुपैयाँसम्मको औषधि खानुपर्छ,' उनले भने, 'यो उमेरमा कलिला छोरा अघि लाएर बाँच्नु नै हाम्रो लागि ठूलो रोग भयो ।' कान्छो छोराले देशका लागि ज्यान बलिदानी दियो भनेर छिमेकीले सुनाउँदा आफूलाई कोख खाली हुँदै गयो भन्ने चिन्ता लागिरहेको उनको दुःखेसो थियो ।

राष्ट्रका लागि ज्यान दिने श्रीमान्को कृति रहनेगरी राज्यले सम्मान गरिदिनुपर्ने पार्वतको माग रहेको छ । सङ्घ सरकारले सहिद घोषणा गरेको भन्दै स्थानीय सरकारले समेत उनको योगदानको कदर गर्दै शालिक निर्माण गरिदिन उनको आग्रह छ । राज्यले दिने राहतभन्दा पनि आफूहरुका लागि भाइले दिएको बलिदानीको उचित कदर सम्मान नै पीडित परिवारको मल्हमपट्टी हुने साइला दाजु भानुभक्त बताउँछन् । घटनापछि सरकारले गरेको घोषणअनुसार १५ लाख रुपैयाँ आर्थिक सहायता दिने निर्णयबमोजिम पीडित परिवारलाई रकम हस्तान्तरण भइसकेको छ । रासस

# वीरगंज भन्सारद्वारा ४ महिनामा ७५ अर्ब ५८ करोड राजस्व सङ्कलन

**पर्सा ।**
वीरगंज भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८२–८३ को चार महिनामा ७५ अर्ब ५८ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ । भन्सार विभागले कार्यालयलाई चालु आवको चार महिनामा ८९ अर्ब २४ करोड रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरे पनि यो अवधिमा लक्ष्यको ८५ प्रतिशत मात्रै राजस्व सङ्कलन भएको हो । चालु आवको साउन, भदौ र असोज महिनामा राजस्व सङ्कलन उत्साहजनक भए पनि कात्तिक महिनामा भने राजस्व सङ्कलन उत्साहजनक देखिएको छैन ।

वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले कात्तिक महिनामा जेन्जी आन्दोलन, छठपर्व, बाढीलगायतका कारणले पनि राजस्व सङ्कलन लक्ष्यअनुसार हुन नसकेको बताए ।

'चालु आवको तीन महिनामा राजस्व सङ्कलन लक्ष्य उन्मुख भइरहेको थियो,' उनले भने, 'कात्तिक महिनामा २३ अर्ब ६३ करोड रुपैयाँ लक्ष्य राखिएकामा सो अवधिमा १७ अर्ब ३३ करोड रुपैयाँ राजस्व सङ्कलन भएको छ ।'

वीरगंज भन्सार कार्यालयका अनुसार साउन महिनामा १८ अर्ब ४४ करोड रुपैयाँ, भदौ महिनामा २० अर्ब ७३ करोड रुपैयाँ, असोज महिनामा १९ अर्ब नौ करोड रुपैयाँ र कात्तिक महिनामा भने१७ अर्ब ३३ करोड रुपैयाँ राजस्व सङ्कलन भएको छ ।

# १५ लाखसहित पटेल पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले स्रोत नखुलेको १५ लाख रुपैयाँसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा पर्सा, पकाहा–मैनपुर वडा नं. १ बस्ने ३४ वर्षीय अवधेश पटेल छन् । पर्साका प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतका अनुसार, विशेष सूचनाका आधारमा आइतबार नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले भारततर्फ जाँदै गरेको बिआर२२एएफ ४१२६ नम्बरको मोटरसाइकल रोकी चेकजाँच गरेको थियो । चेकजाँचक्रममा मोटरसाइकलमा रहेको झोलाबाट नगद १५ लाख रुपैयाँ फेला परेको हो ।

पक्राउ पर्ने अवधेश पटेलको साथबाट प्रहरीले हजारको नोट ७ सय ९० थान, ५ सयको १ सय ३१ थान, सयको ५ सय ६९ थान र ५० को ५० नोट गरी कुल १५ लाख रुपैयाँ बरामद गरेको छ । उनलाई मोटरसाइकलसहित नियन्त्रणमा लिइएको हो ।

हाल पर्सा प्रहरीले उनीविरुद्ध मुलुकी अपराध संहिता २०७४ को दफा १२५ को 'श्रोत नखुलेको सम्पत्ति' सम्बन्धी कसुरमा अनुसन्धान गरिरहेको छ ।

# विद्यालयलाई जनमतको डेस्क र बेन्च



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नं. ३०, लालपर्सास्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयलाई जनमत पार्टी पर्साले चार थान डेस्क–बेन्च उपलब्ध गराएको छ ।

पार्टी अध्यक्ष ओमप्रकाश सर्राफको पहलमा सम्पन्न यो हस्तान्तरण कार्यक्रममा सर्राफले शिक्षा समाज रूपान्तरणको आधार भएको भन्दै विद्यालयको वातावरण सुधार गर्न सबै पक्षले सहकार्य गर्नुपर्नेमा जोड दिए । उनले भने, 'मधेश प्रदेशको शैक्षिक सूचकांक अन्य प्रदेशको तुलनामा कमजोर देखिनु चिन्ताको विषय हो । यस्तो अवस्थामा समुदाय, स्थानीय सरकार र राजनीतिक दलले संयुक्त रूपमा विद्यालय सबल बनाउन भूमिका खेल्न आवश्यक छ ।'

सर्राफले विद्यालयमा आधारभूत शैक्षिक पूर्वाधारको अभावले विद्यार्थीको सिकाइमा असर परेको बताउँदै पार्टीको यो सहयोग सानो भए पनि विद्यालय सुधारमा टेवा पुग्ने विश्वास व्यक्त गरे । कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ध्रुब महतोको अध्यक्षतामा भएको थियो ।

कार्यक्रममा जनमत पार्टी पर्साका क्षेत्रीय संयोजक डा. मनोज सर्राफ, जिल्ला सदस्य नागेन्द्र गुप्ता, नागेन्द्र यादव, महानगर उपाध्यक्ष निरन्जन कुशवाहा, युवा नेता राजन मण्डल र अनिल शर्मा तथा प्रधानाध्यापक हेम आचार्य उपस्थित थिए ।

# २५ हजारभन्दा बढी मतदाता थपिए

**जलेश्वर ।**
महोत्तरीमा २५ हजारभन्दा बढी मतदाता थपिएका छन् । जिल्ला निर्वाचन कार्यालयका अनुसार गत असोज ९ गतेदेखि मङ्सिर ५ गतेसम्म फोटोसहितको मतदाता नामावली सङ्कलन कार्यक्रममा २५ हजार २ सय ५४ मतदाता थपिएका हुन् ।

कार्यालयमा उपस्थित भएर तीन हजार ९ सय ३९ जना पुरुष र दुई हजार ८ सय ८९ जना महिला गरी जम्मा छ हजार ८ सय २६ जनाले फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराएका हुन् । यस्तै, १८ हजार ४ सय २६ जनाले राष्ट्रिय परिचयपत्रको आधारमा अनलाईनमार्फत नामावली दर्ता गराएका जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाले जानकारी दिए ।

दश नगरपालिका र पाँच गाउँपालिका गरी १५ वटा स्थानीय तह रहेको महोत्तरीमा चार वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेका छन् । आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनलाई मध्यनजर गर्दै आयोगले नामावली संकलन गरेको थियो ।

# सशस्त्र प्रहरी बल पर्साद्धारा लागु औषध गाँजा बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल, नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म सुवर्णपुरको टोलीले मोटरसाइकलमा लुकाइछिपाइ ल्याइएको ९ केजी गाँजासहित मोटरसाइकल बरामद गरेको छ । ठोरी गाउँपालिका–४ मालीबस्तीबाट नेपालबाट भारत जाँदै गरेको प्र०२००१प ५२०२ र बिआर२२एके २९४४ नम्बरको मोटरसाइकल



चेकजाँच गर्दा चालक साधन छाडेर भागेको र ट्याङ्कीभित्र लुकाइछिपाइ राखिएको अन्दाजी ९ केजी लागुऔषध गाँजा फेला परेको सशस्त्र प्रहरीले जनाएको छ ।

सम्पादकीय

# नेकपा एमालेको महाधिवेशन र इतर पक्षको तयारी

नेकपा एमालेको महाधिवेशन मंसिरको अन्तिम साता काठमाडौंमा हुँदैछ । यसपटक पार्टीले चाँडै महाधिवेशनको तयारी गरेको हो । जेन्जी आन्दोलनपछि पार्टी नयाँ नेतृत्वका लागि महाधिवेशनको तयारीमा जुटेको हो । नेपाली कांग्रेसको पनि महाधिवेशनको समय भइसकेकाे छ।

तर पार्टीमा महाधिवेशन कि विशेष महाधिवेशन भनेर बहसमा छ । एमाले भने वडादेखि केन्द्रसम्म जनपरिचालन र जनप्रदर्शनसँगै महाधिवेशनमा जुटिसकेको छ। यतिखेर पार्टीमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले अध्यक्षमा उठ्ने घोषणा गरेपछि नेतृत्वको विषय पनि पेचिलो भएको छ । अध्यक्ष केपी शर्मा ओली एकपटक अध्यक्षमा दोहोरिने तयारी मात्र छैन । पार्टीमा वरिष्ठ उपाध्यक्ष पद नै खारेज गरेर अध्यक्षका विरुद्ध जानेहरुलाई पाखा लगाउन खोजेको भनेर पोखरेल पक्षधरहरुको राजनीतिक दाउपेच चलिरहेको छ । यसमा सुरेन्द्र पाण्डे, युवराज ज्ञवाली, योगेश भट्टराईहरु लागेका छन् । अष्टलक्ष्मी शाक्य, गोकर्ण विष्ट पनि संलग्न छन्।

तर सोमबार मात्रै पार्टी महासचिव शंकर पोखरेलले पत्रकार सम्मेलन गरेर महाधिवेशनमा नेतृत्व मात्रै चयन हुने अरु विषयमा छलफल नहुने भनेर ईश्वर पोखरेल समूहको एजेन्डा नै प्रवेश नहुने संकेत गरेका छन्।

एउटा जिउँदो कम्युनिष्ट पार्टीमा यस्ता बहस र छलफल हुन्छ । नेतृत्वको बहसमा कार्यकर्ता पंक्ति कम उफ्रने, विवाद मिलाउन लाग्ने र समन्वय गर्ने काममा लागे जिउँदो कम्युनिष्ट पार्टी उँभो लाग्न सक्छ नत्र मधेश प्रदेश सरकारमा झैं एकपछि अर्को घोक्रेठ्याक उपलब्ध हुन सक्छ भनेर बुझ्न जरुरी छ।

## चौथो महाधिवेशनः

# एमालेमा नेतृत्व हस्तान्तरणको एउटा ऐतिहासिक मोड


–ईश्वर पोखरेल

भूमिगतकालमा तत्कालीन नेकपा (माले) ले आयोजना गरेको ‘चौथो महाधिवेशन’ (९–१४ भदौ, २०४६) विशेष रोचक र ऐतिहासिक महत्वको थियो । आयोजनासित गाँसिएको कतिपय कुरा अत्यन्त रोचक थिए भने त्यहाँ प्रस्तुत भएका तथा निर्णय गरिएका केही विषयहरू ऐतिहासिक महत्वका थिए । आजको नेकपा (एमाले) को विचार तथा सङ्गठनमा विकसित भएको नेकपा (एमाले) त्यही महत्त्वपूर्ण पृष्ठभूमिमा उभिएको कुरा सगर्व उल्लेख गर्न सकिन्छ।

१. तयारीका केही रोचक प्रसङ्ग

तत्कालको आवश्यकता अनुसार ‘कार्यकर्ता भेला’ आयोजना गरी केही ज्वलन्त राजनीतिक विषय तथा पार्टीभित्र उत्पन्न विशेष समस्याका बारेमा जानकारी दिने काम गरिए पनि तत्कालीन ‘को–अर्डिनेसन केन्द्र’ ले आयोजना गरेको ‘राष्ट्रिय सम्मेलन’ (०३५ पुस ११–१४) ले विधिवत् ‘नेकपा (माले)’ गठन गरेपछि लामो समयसम्म कुनै वैधानिक ‘राष्ट्रिय मञ्च’ वा राष्ट्रिय स्तरका कार्यक्रम आयोजना हुन सकेको थिएन । विचार तथा सङ्गठनको स्थितिमा ठूलाठूला (आकाश पातालका) परिवर्तन भईसक्दा पनि ‘पार्टी केन्द्र’ ले त्यसलाई औपचारिक र संस्थागत नगरी अगाडि बढ्नु सम्भव थिएन । फेरि, मुलुक ऐतिहासिक राष्ट्रिय जनआन्दोलनमा प्रवेश गर्न लागेको बेला आफूलाई ‘पुनः व्यवस्थित’ नगरी अगाडि बढ्नै नसक्ने अवस्थामा पुगेको थियो।

यसरी हामी ‘महाधिवेशन’ को तयारीमा लाग्यौँ। मुलुकमा आन्दोलनको वातावरण बन्दै गएको र त्यसकारण सत्ताधारी तथा तिनका स्थानीय मतियारहरू ‘विशेष होसियारी’ अपनाइरहेका थिए । उनीहरूले चियोचर्चा बढाएका थिए।

अहिलेजस्तो जनस्तरले समेत यातायात र सञ्चारको सुविधा पाउनु सम्भव थिएन । उल्लेखनीय सङ्ख्यामा प्रतिनिधिहरू उपस्थित हुने हुनाले हामीले सुरक्षाको विषयलाई विशेष ध्यान पु¥याउनुपर्ने आवश्यकता थियो । माधव नेपाल, जीवराज आश्रित र मैले महाधिवेशनका लागि सम्भावित ठाउँहरूको खोजी गर्नुपर्ने र टुङ्गो गर्नुपर्ने जिम्मेवारी पाएका थियौँ । यस सिलसिलामा हामीले अर्घाखाँचीको धनचौर, काठमाडौँको टोखा, ललितपुरको सुदूरदक्षिणका गाउँहरू, सप्तरीका तराईका गाउँहरू, सिरहा, धनुषा र महोत्तरीका अनेक गाउँहरूको स्थलगत भ्रमण गऱ्यौँ ।

त्यसबेला पूर्वाञ्चलमा खासगरी मेची र कोशीको पार्टी काममा अमृत बोहरा र मदन भण्डारी प्रमुख जिम्मेवारको रूपमा हुनुहुन्थ्यो । सिरहामा महाधिवेशन स्थल निश्चित गर्ने र तयारी गर्ने काममा उहाँहरूको अत्यन्त ठूलो भूमिका रहेको थियो । तयारीका स–साना काममा समेत उहाँहरू खट्नुभएको थियो । म आफू त्यस क्षेत्रमा लामै समय (झण्डै ९ वर्ष) काम गरिसकेको व्यक्ति भएका कारण महाधिवेशनको व्यवस्थापनसित सम्बन्धित काममा संलग्न भएको थिएँ।

हामीले त्यहाँको सङ्गठित पार्टी शक्तिलगायत अन्य अनुकूलता र प्रतिकूलताहरूको विश्लेषण गर्यौं । अन्ततः सिराहको फुलकाहाकट्टी गाविसको मोथीयायी गाउँमा महाधिवेशन गर्नु उपयुक्त हुने हामीले सिफारिस गर्यौं। ठाउँका बारेमा औपचारिक निर्णय भएपछि त्यहाँ ‘हल’ को आवश्यकता पूरा गर्न एउटा नयाँ ‘घर’ बनाइयो । त्यसलाई लिपपोत गरेर ठीक पारियो । खाद्य सामग्रीहरूको व्यवस्था गरियो । त्यसबेला हामीहरू जनताले स्वेच्छापूर्वक दिएको खाद्य सामग्रीमा भर पर्‍यौँ । पुग–नपुग मात्र हामीले खरिद गर्‍यौँ । त्यस ठाउँका जनताले फलफूल, तरकारी, दूध–दही आदिको जोहोसमेत गरेका थिए । तयारीको काम पूरा भइसकेपछि, दुई दिनपछि प्रतिनिधिहरूलाई त्यहाँ पु¥याउने चाँजो मिलाइसकिएको थियो । त्यसबेला म त्यही बसेर सबै कुराको रेखदेख गरिरहेको थिएँ। तर, दुर्भाग्य! सुरक्षाको कारणले घोषित मितिमा र तयारी गरेको ठाउँमा महाधिवेशन हुन नसक्ने खबर ‘हेडक्वार्टर’बाट आयो।

हामी सबै, खासगरी तयारी कार्यमा लागेकाहरू स्तब्ध भयौँ । पछि थाहा लाग्यो–हेडक्वार्टरको सचिवालय काममा लाग्नु भएको प्रदीप नेपालले साइकल पछाडि क्यारियरमा राखेर लैजाँदै गरेका महाधिवेशनसम्बन्धी अत्यन्त महत्त्वपूर्ण र गोप्य कागजपत्रहरू कतै खसाउनु भएछ । ती कागजपत्रबाट हामीले गर्न लागेको महाधिवेशन, त्यसको मिति र स्थानसमेत खुल्ने भएकोले सुरक्षाका कारण कार्यक्रम स्थगन गर्नुपरेको थियो। यो खबरले सबै, खासगरी महाधिवेशनको तयारीमा लागेकाहरू एक किसिमले मर्माहत बनेका थियौँ ।

पछि, हामीले सिराहाकै, पहिले तयारी गरेको ठाउँभन्दा १० कि.मी. जति उत्तर विष्णुपुरकट्टी गाविस वडा नं. ३ अम्वास राइरइनी गाउँमा नयाँ ठाउँ तयार गर्यौं। त्यसको झन्डै डेढ महिनापछि यो तयारी गरिएको थियो । जिल्लाको उत्तर उदयपुर जिल्लाको सिमा र चुरे श्रृङ्खलाको झन्डै बीचमा पर्ने सानो गाउँमा यो ठाउँ तयार गरिएको थियो । हीराबहादुर सुनुवार त्यसबेला जिल्लाका एक जना अगुवा कार्यकर्ता थिए र उनको गाउँमा पार्टीको राम्रो जनसमर्थन थियो।

स्थानीय जनताको सक्रिय समर्थन र सहयोग रहेका कारण हामीले त्यो ठाउँलाई महाधिवेशनको स्थल बनाएका थियौँ। झन्डै २५ दिन लगाएर हामीले हीराबहादुर सुनुवारकै घर छेउमै एउटा काठको घर खडा गरेका थियौँ । सुरक्षाको विशेष व्यवस्था मिलाएका थियौँ । गाउँमा पस्ने र निस्कने धेरै ठाउँहरू थिए।

ती सबैमा विशेष सुरक्षा प्रबन्ध मिलाएका थियौँ। कतिपय चीज पहिलेको तयारी स्थलबाट ल्याइए। महाधिवेशनका लागि आवश्यक वस्तुहरू खासगरी खाद्य सामग्रीहरू सिराहा जिल्लाकै विभिन्न स्थानबाट मात्र नभई सीमावर्ती जिल्लाहरू उदयपुर, सप्तरी, सिन्धुली र धनुषाबाट समेत ल्याइएका थिए। धेरै साथीहरूले टाउको र पिठ्युँमा दुई दिन लगाएर बोकेर समेत ल्याउनुभएको थियो । यसरी, चौथो महाधिवेशन स्थल तयार पारिएको थियो।

२. वैचारिक–सैद्धान्तिक क्षेत्रमा ऐतिहासिक निर्णयः

यो महाधिवेशनमा युगीन महत्त्व राख्ने वैचारिक–सैद्धान्तिक विषयहरूमा छलफल तथा निर्णयहरू गरिएका थिए।

क) मार्गदर्शक सिद्धान्त

त्यसबेलासम्म नेकपा (माले) ले माक्र्सवाद–लेनिनवाद–माओत्सेतुङ विचारधारालाई आफ्नो मार्गदर्शक सिद्धान्त मान्दै आएको थियो । तर, महाधिवेशनमा उपस्थित प्रतिनिधिहरूको अत्यधिक ठूलो संख्याले माक्र्सवाद–लेनिनवादलाई मात्र आफ्नो मार्गदर्शक सिद्धान्त मान्ने निर्णय गरेको थियो । पार्टी केन्द्रबाट २ चैत्र, ०४५ मा ‘हाम्रो मार्गदर्शक सिद्धान्तबारे’ भन्ने दस्तावेजमार्फत यो धारणा पार्टी पङ्क्तिमा छलफलका लागि लगिएको भए पनि ‘महाधिवेशन’ को हलले मात्र यसको औपचारिक निर्णय गरेको थियो ।

दस्तावेजमा भनिएको थियो–‘आफ्ना आन्तरिक तथा बाह्य नीति र व्यवहारहरूको सिंहावलोकन, परिवर्तन र परिमार्जनकै क्रममा अब आएर पार्टीको मार्गदर्शक सिद्धान्तका बारेमा पनि नयाँ स्तरबाट विश्लेषण र मूल्याङ्कन गर्नु आवश्यक भएको छ।’ मार्गदर्शक सिद्धान्तको सैद्धान्तिक पक्षमाथि प्रकाश पार्दै भनिएको थियो– ‘माक्र्सवाद–लेनिनवाद भनेको एउटा दार्शनिक, राजनीतिक, आर्थिक र सामाजिक सांस्कृतिक विचारहरूको त्यस्तो व्यापक, व्यवस्थित र एकीकृत वैज्ञानिक विचार प्रणाली हो, जसबाट अन्तर्राष्ट्रिय सर्वहारा वर्गको जीवन दर्शन र विश्व दृष्टिकोण बनेको छ। त्यो नै प्रकृति, समाज र मानव चेतनालाई देख्ने, बुझ्ने र रूपान्तरण गर्ने क्रान्तिको विज्ञान हो र विश्वका कुनै पनि देशका कम्युनिस्ट वा मजदुर पार्टीको मार्ग दर्शक सिद्धान्त पनि हो ।’

त्यो अहिलेसम्म विभिन्न देशका क्रान्तिहरूमा र विश्व परिस्थितिको विकासलाई हेर्ने क्रममा सत्य प्रमाणित हुँदै आएको छ । यही नै विश्वका अन्य भागमा पनि लागू हुन सक्ने सार्वभौम सत्य पनि हो। त्यसले नै विश्वका सबै कम्युनिस्ट तथा मजदुर पार्टीहरूका दैनिक क्रान्तिकारी व्यवहारहरू, उनीहरूका आन्तरिक तथा बाहिरी सम्बन्धहरू र उनीहरूका सबै विचारहरूलाई मार्गदर्शन गरिरहेको छ।

मार्गदर्शक सिद्धान्तको बारेमा निर्णय गरिरहँदाको एउटा महत्त्वपूर्ण प्रसङ्गलाई यहाँ उल्लेख गर्नैपर्छ । केही साथीहरू मार्गदर्शक सिद्धान्तबाट ‘माओत्सेतुङ विचारधारा’ हटाउनु हुन्न भन्ने पक्षमा अत्यन्त दृढ रूपमा उभिनुभएको थियो । छलफल पश्चात यो विषयलाई मतदानमा समेत लगियो । अमृत बोहराले नेतृत्व गर्नु भएको ‘फरक मत’ मतदानमा गयो र पराजित भयो । तर, उहाँहरूले महाधिवेशनमा आफ्नो मत पराजित भए पनि बहुमतले पारित गरेको विचारलाई विनाशर्त शिरोधार्य गरी अगाडि बढ्नु भयो ।

विचार निर्माणमा हामीले अपनाउने गरेको प्रजातान्त्रिक विधि र पार्टी पुष्टि निर्णयलाई पालना गर्ने असल परम्परालाई पुष्टि गर्ने एउटा अत्यन्त सुन्दर उदाहरण बनेको थियो–चौथो राष्ट्रिय महाधिवेशनमा। वास्तवमा मार्गदर्शक सिद्धान्तका सम्बन्धमा गरिएको त्यो निर्णयले त्यसपछिका दिनहरूमा नेकपा (एमाले) लाई सिर्जनात्मक किसिमले अघि बढ्ने कुराको ढोका खुला गरेको थियो ।

ख) बहुलता र बहुदलीय प्रतिस्पर्धाको राजनीतिक विचारको स्वीकारोक्ति

सम्भवतः कम्युनिस्ट पार्टीले पहिलोपटक यो महाधिवेशनमा आफूले भनेको ‘जनवादी व्यवस्था’ मा बहुदलीयतालाई स्वीकार गरेको थियो। त्यो ‘जनवादी व्यवस्था’ कस्तो हुनेछ भन्ने विषयमा महाधिवेशनले पारित गरेको कार्यक्रममा उल्लेख गरिएको थियो– ‘‘आमजनतालाई राजनीतिक आस्था अनुरूप पार्टी खोल्ने, सभा गर्ने, सङ्गठन खोल्ने, व्यावसायिक सङ्गठनहरू खोल्ने पूर्ण स्वतन्त्रता प्रदान गर्ने। बोल्ने, लेख्ने र छाप्ने स्वतन्त्रता दिने, धार्मिक तथा व्यक्तित्व विकासका निम्ति अवसर र स्वतन्त्रता दिने र सम्पूर्ण मौलिक, राजनीतिक अधिकारहरूको प्रयोग गर्ने निर्बाध स्वतन्त्रताको स्थापना एवं ग्यारेन्टी गर्ने ।’’ चौथो महाधिवेशनमा तत्कालीन नेकपा (माले) ले लिएको निर्णय नै (पछि नेकपा (एमाले) ले गरेको) एकदलीय जनवादको परित्याग र बहुदलीय जनवादको सूत्रपातको ऐतिहासिक थालनी थियो।

ग) संयुक्त वाममोर्चा निर्माण गर्ने ऐतिहासिक फैसला

यही चौथो राष्ट्रिय महाधिवेशनपछि, तत्कालीन नेकपा (माले) को विशेष सक्रियता र पहलमा संयुक्त वाममोर्चा निर्माण गरियो। कम्युनिस्टहरूले आफूभित्रका विवादहरूलाई अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन र अमूर्त सैद्धान्तिक विषयहरूमा आधारित भएर भन्दा पनि आफ्नो देशको क्रान्ति र निर्माणसँग तथा त्यससँग प्रत्यक्ष सरोकार राख्ने अन्तर्राष्ट्रिय विषयहरूमा ठोस ढङ्गले केन्द्रित गर्नुपर्ने निष्कर्ष महाधिवेशनले निकाल्यो । कम्युनिस्ट समूहहरूले ‘‘आफ्ना मान्यता, कार्यक्रम र नीतिहरूका आधारमा स्वतन्त्रतापूर्वक व्यवहारमा जाँदै वैचारिक सङ्घर्षलाई स्वस्थ ढङ्गले सञ्चालित गर्नुपर्ने’’ कुरामा जोड दिँदै ‘‘एउटा देशमा एउटा मात्र कम्युनिस्ट पार्टी’’ हुनसक्छ भन्ने मान्यतालाई पनि खण्डन ग¥यो ।

एउटा देशमा एउटा मात्र कम्युनिस्ट पार्टी हुनसक्छ भन्ने जडसूत्रवादी मान्यता राख्ने, आफूलाई मात्र कम्युनिस्ट देख्ने र अरूलाई बलपूर्वक निषेध गर्ने दृष्टिकोणको खण्डन गर्दै विभिन्न कारणले नेपालका कम्युनिस्टहरूलाई ‘अनेक’ बनाएको वास्तविकतालाई स्वीकार गर्दै अन्य कम्युनिस्ट समूहहरूको अस्तित्वप्रति सहिष्णु हुने, आपसी असैद्धान्तिक सङ्घर्षलाई हटाउने र आपसको शत्रुवत् व्यवहार बन्द गर्ने कुराको पक्षमा महाधिवेशनले फैसला गर्यो । यसरी कम्युनिस्ट समूहहरूका बीचमा पनि साझा मान्यताका आधारमा एउटा छुट्टै मोर्चा–वामपन्थी मोर्चा बनाउन सकिने निष्कर्ष निकाल्यो । वास्तवमा महाधिवेशनको यही फैसलापछि ‘संयुक्त वाममोर्चा’ बन्न सम्भव भयो । ०४६ सालको ऐतिहासिक जनआन्दोलनलाई सफलतामा पु¥याउने काममा त्यसले निर्णायक भूमिका खेलको थियो।

घ) प्रधान शत्रुका विरुद्ध बृहत् राजनीतिक संयुक्त मोर्चा

नेपाल कम्युनिष्ट आन्दोलनभित्र लामो समयदेखि नेपाली कांग्रेसलाई हेर्ने तथा त्यससित संयुक्त मोर्चा गर्ने सवालमा रहँदै आएको एकाङ्गी तथा गलत दृष्टिकोणलाई पनि महाधिवेशनले औपचारिक रूपमा सच्याउँदै सही र सन्तुलित विश्लेषण अघि सार्‍यो। निरङ्कुश राजतन्त्रका विरुद्ध नेपाली कांग्रेससित राजनीतिक मोर्चा बनाउन सकिने (तर, त्यसको वर्गचरित्रका सम्बन्धमा भने भ्रम राख्न नहुने) विचारलाई महाधिवेशनले पारित ग¥यो । कांग्रेससित कि त दीर्घकालीन मोर्चा बनाउनुपर्ने कि त्यसलाई प्रधान शत्रुकै कोटीमा राख्ने जस्ता त्यसबेलासम्म जारी गलत एवं अस्पष्ट विश्लेषणको खण्डन गर्दै यो सन्तुलित र सही विचार अघि सारिएको थियो । वास्तवमा तत्कालीन ‘माले’ को यही निर्णयपछि नेपाली कांग्रेससित समेत औपचारिक वार्ता गरी निरङ्कुश राजतन्त्र विरोधी संयुक्त सङ्घर्ष सम्भव भएको थियो। परम्परागत जडतालाई भत्काउने आँट गरेर मात्र यो ऐतिहासिक काम सम्भव भएको थियो।

ङ) नेकपाको स्थापना सम्बन्धमा निक्र्यौल

नेपाल कम्युनिस्ट पार्टीको स्थापना कुन दिन भएको हो–कम्युनिस्ट आन्दोलनभित्र विवादको विषय रहँदै आएको थियो। यही कुरालाई ख्याल गरेर केही समय पहिले गठन गरेको कार्यदलले गरेको अध्ययन–अनुसन्धानका आधारमा महाधिवेशनले औपचारिक रूपले १५ सेप्टेम्बर नभएर २२ अप्रिल नै नेकपा गठनको दिन हो भन्ने निष्कर्षसहितको दस्तावेज प्रस्तुत गरेको थियो । आफ्नै पार्टी स्थापना सम्बन्धमा रहेको विवादको महाधिवेशनमा औपचारिक निरुपण गरिएको थियो।

च) संविधानसभाद्वारा गणतन्त्रात्मक नयाँ संविधान बनाउने औपचारिक निर्णय

तत्कालीन नेकपा (माले) ले आफ्नो राष्ट्रिय मञ्चद्वारा राजनीतिक व्यवस्था सम्बन्धमा यस्तो निर्णय गरेको थियो– ‘‘क्रान्तिकारी जनवादी शासन व्यवस्थाका निम्ति क्रान्तिमा सक्रियतापूर्वक लागेका सबै राजनीतिक पार्टीहरू, जनसङ्गठनहरू, मोर्चा सङ्गठनहरू र सैनिक सङ्गठनहरूबाट उचित प्रतिनिधित्व लिँदै आवश्यक देशभक्त, जनवादी व्यक्तित्वहरूलाई समेत सामेल गरेर कुनै उपयुक्त तात्कालिक तथा सरकार सम्बन्धी अस्थायी उपकरण निर्माण गर्ने एवं जनताको बीचमा वर्ग, जाति, लिङ्ग, धर्म, सम्प्रदाय, पेसा, ओहदा आदिको कुनै पनि भेदभाव बिना स्वतन्त्र, निष्पक्ष, समान, गुप्त र बालिग मताधिकारका आधारमा संविधानसभा (ऋयलकतष्तगभलत ब्ककझदथि) को निर्वाचन गर्न र त्यसद्वारा जनवादी गणतन्त्रको संविधान निर्माण गर्ने।’’

२०४६ सालको ऐतिहासिक जनआन्दोलनले स्थापित गरेको शक्ति सन्तुलनको विशिष्ट स्थितिलाई ख्याल गर्दै ‘संविधान सुझाव आयोग’ को गठन तथा त्यस मार्फत बनेका ‘नयाँ संविधान’ लाई ‘आलोचनात्मक समर्थन’ गरे पनि संविधानसभाको उन्नत प्रजातान्त्रिक विधिमार्फत बन्ने नयाँ संविधानको पक्षमा नेकपा (एमाले) थियो भन्ने कुराको ऐतिहासिक प्रसङ्गलाई कसैले पनि अस्वीकार गर्न सक्दैन।

छ) नेतृत्व हस्तान्तरणको अनुपम उदाहरण

भनिन्छ– कम्युनिस्ट पार्टीहरूमा नेतृत्व हस्तान्तरणको विषय अत्यन्त असहज हुने गरेको छ । यस सम्बन्धमा अस्वस्थ, असहज र कतिपय बेलामा षड्यन्त्रपूर्ण तरिकाहरू समेत अपनाइने गरेको देखिन्छ। कम्युनिस्ट पार्टीहरू भित्रका यस्तै अभ्यासलाई देखेर पनि विरोधीहरूले कम्युनिस्टहरूलाई अनेक आरोपहरू लगाउने गरेका छन् । तर ‘चौथो महाधिवेशन’ यस्तो महाधिवेशन रह्यो जहाँ बहालवाला महासचिवले आफूपछि अर्को नेतालाई महासचिवको रूपमा प्रस्ताव गर्नुभयो ।

त्यसबेला कमरेड झलनाथ खनाल महासचिव हुनुहुन्थ्यो । उहाँ महासचिव रहनु भएको आठ वर्ष भईसकेको थियो । त्यसबीच उहाँले पार्टीलाई नेतृत्व दिइरहनु भएको थियो । तर, परिवर्तित सन्दर्भमा मदन भण्डारी जस्तो नयाँ उदीयमान व्यक्तिलाई नेतृत्वमा स्थापित गराउन उहाँले नै अगाडि बढेर भूमिका खेल्नुभयो र प्रस्ताव समेत गर्नुभएको थियो, जसलाई सिङ्गो हलले सर्वसम्मतिले समर्थन जनाएको थियो । चौथो महाधिवेशन नेतृत्व हस्तान्तरणको अत्यन्त सहज, स्वाभाविक र उदाहरणीय थलो बनेको थियो।

पैँतीस वर्ष पहिले हामीले आयोजना गरेको ‘चौथो राष्ट्रिय महाधिवेशन’ को अहिले पनि सम्झना भइरहेको छ । वैचारिक–सैद्धान्तिक र सङ्गठनात्मक सवालमा त्यसले गरेका निर्णयहरू र नेतृत्व हस्तान्तरणको विषयमा त्यस बेलाको अत्यन्त उदाहरणीय अभ्यास आज पनि नेकपा (एमाले) पङ्क्तिका लागि प्रेरणादायी प्रसङ्ग बन्न सक्छ।

३. प्रतिनिधित्वको स्थिति

त्यसबखतको प्रतिकूल अवस्थामा पनि निम्न अनुसारको प्रतिनिधित्व भएको थियोः

(क) प्रतिनिधित्व

पार्टी काम भइरहेका ५६ जिल्ला (अनुपातमा)।

भारत प्रवासमा कार्यरत पार्टी सदस्यहरूमध्येबाट।

पार्टीको नेतृत्व र नियन्त्रणमा रहेका मोर्चा र विभागहरूमा कार्यरत पार्टी सदस्यहरूमध्येबाट।

(ख) उमेर समूह

बढी उमेर– ५५ वर्ष।

कम उमेर – २५ वर्ष।

औसत उमेर – ३६ वर्ष।

(ग) लैङ्गिक प्रतिनिधित्व

पुरुष– ९५.३ प्रतिशत।

महिला– ४.७ प्रतिशत।

(घ) वर्ग स्रोत

मजदुर– ५.९ प्रतिशत।

भूमिहीन–गरिब किसान– ७.१४ प्रतिशत।

मध्यम किसान– ५१.१९ प्रतिशत।

निम्न पुँजीपति वर्ग– ११.९ प्रतिशत।

धनी किसान– २०.२४ प्रतिशत।

राष्ट्रिय पुँजीपति– १.१६ प्रतिशत।

जमिन्दार वर्ग स्रोतबाट– २.२८ प्रतिशत।

(ङ) प्रतिनिधित्वको स्थिति

पूर्णकालीन– ८४.५२ प्रतिशत।

अंशकालीन– १५.४८ प्रतिशत।

तत्कालीन नेकपा (माले) ले निर्दलीय र निरङ्कुश शासन व्यवस्थामा प्रतिकूलतामा पनि सफलताका साथ सम्पन्न गरेको ‘राष्ट्रिय महाधिवेशन’, त्यहाँ भएका छलफल र गरिएका निर्णयहरू ऐतिहासिक महत्त्व राख्ने खालका थिए । त्यसबेला गरिएका महत्त्वपूर्ण कतिपय निर्णयका जगमा आज पनि नेकपा (एमाले) हिँडिरहेको छ । त्यसबेला त्यस्ता महत्त्वपूर्ण निर्णयहरूका लागि जननेता मदन भण्डारीको निर्णायक भूमिका थियो । उहाँले प्रतिपादन, व्याख्या र विश्लेषण गर्नु भएको जनताको बहुदलीय जनवादकै मार्गदर्शनमा आजको नेकपा (एमाले) अगाडि बढिरहेको छ । यिनै सन्दर्भमा त्यसबेलाको चौथो राष्ट्रिय महाधिवेशनको ऐतिहासिक महत्त्वलाई बुझ्नु पर्दछ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# विकास निर्माणमा बजेट रोक्का मुख्य अवरोधः मन्त्री घिसिङ



**काठमाडौँ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात तथा सहरी विकासमन्त्री कुलमान घिसिङले चालु आर्थिक वर्षको पहिलो त्रैमासिकमा विकास खर्च कम देखिनुको मुख्य कारण सरकारी बजेट रोक्का भएको बताएका छन्। राष्ट्रियसभाको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको सोमवारको बैठकमा मन्त्री घिसिङले तीन मन्त्रालयअन्तर्गत मात्र एक खर्ब ९५ अर्ब रुपैयाँ बराबरको बजेट रोक्का हुँदा अधिकांश काम प्रभावित भएको स्पष्ट पारे।
उनले सहरी विकास मन्त्रालयमा मात्र करिब ६१ अर्ब रुपैयाँ बजेट रोक्का भएको उल्लेख गर्दै प्रगति कम देखिएको बताए । पहिलो त्रैमासिकमा देखिएको प्रगति बजेट रोक्काको अवस्थामा सकारात्मक रुपमा लिनुपर्ने उनको भनाइ थियो।
‘रोक्का भएको बजेट घटाएर हेर्ने हो भने प्रगति प्रतिशत २० प्रतिशतभन्दा माथि पुग्छ । अहिले देखिएको कम खर्च वास्तविक कमजोरी होइन, रोकिएको बजेटकै प्रभाव हो,’ मन्त्री घिसिङले भने, ‘पहिलो त्रैमासिकमा प्रगति सधैँ कम हुन्छ। त्यो माथि पनि यसपालि जेन्जी आन्दोलनका कारणले धेरै प्रोजेक्टमा अगाडि बढ्न समस्या भयो।’
बजेट रोक्कापछिको दोस्रो ठूला अवरोध जेनजी आन्दोलन र विभिन्न परियोजनास्थलमा काम बन्द हुनु रहेको मन्त्री घिसिङले बताए । यस्तै, कामै नगर्ने निर्माण व्यवसायीलाई कडाइका साथ कारबाही थालिएको उनले जानकारी दिए। दुई सय ६९ परियोजना ठेक्का तोड्ने प्रक्रियामा अहिलेसम्म ४९ ठेक्का आधिकारिक रूपमा भङ्ग गरिएको उनले समितिलाई जानकारी दिए। केही योजना जथाभावी राखिएको स्वीकार गर्दै मन्त्री घिसिङले त्यस्ता बजेट कटौती गर्न आफू सहमत रहेको बताए। उनले त्यस्ता बजेट कटौती गरी जुम्ला, हुम्लालगायत ठाउँमा अत्यावश्यक पुल तथा जीवनरक्षाका पूर्वाधारलाई फुकुवा गर्नुपर्ने बताए।
‘अर्थमन्त्रालय र प्रधानमन्त्रीसँग यस विषयमा निरन्तर छलफल भइरहेको छ’, मन्त्री घिसिङले भने । उनले पुनर्निर्माणका संरचनाको डिजाइन तथा निर्माण प्रक्रिया तीव्र गतिमा अघि बढिरहेको जानकारी दिए। ऊर्जा, सिँचाइ, सडक र सहरी विकासका दीर्घकालीन तथा केही अल्पकालीन परियोजना अब द्रुत गतिमा अघि बढ्ने उनको भनाइ थियो।रासस

# लुम्बिनी प्रदेशसभाको सातौँ अधिवेशन सुरु

**लुम्बिनी।**
लुम्बिनी प्रदेशसभाको सातौँ (हिउँदे) अधिवेशन सोमवारदेखि सुरु भएको छ । सातौँ अधिवेशनको पहिलो बैठक दिउँसो १ः०० बजदेखि सुरु भएको हो।
सभामुख तुलाराम घर्तीमगरले प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त तीनवटा पत्र पढेर सुनाए। ती पत्रमा सातौँ अधिवेशन आह्वानसम्बन्धी सूचना, मन्त्रिपरिषद् पुनर्गठनबारे पत्र र छैटौँ अधिवेशनबाट पारित भई प्रमाणीकरण भएका विधेयकसम्बन्धी पत्र समावेश थिए।
हिउँदे अधिवेशनका लागि छलफल गर्न प्रदेशसभा सचिवालयमा जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालनसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक र स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक दर्ता भइसकेका छन्।
प्रदेश मन्त्रिपरिषद् बैठकबाट थप विधेयकहरु प्रदेशसभामा पेस गर्न स्वीकृति दिएको छ । लुम्बिनी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक, प्रदेश जीवनाशक विषादी व्यवस्थापन तथा नियमनसम्बन्धी विधेयक, दलित समुदायको अधिकार सुनिश्चित गर्ने विधेयक पेस गर्न सरकारले स्वीकृत दिएको हो । लुम्बिनीमा गत भदौ ३१ गते छैटौँ अर्थात् वर्षे अधिवेशन अन्त्य भएको थियो।रासस

# सर्वोच्च अदालतमा आगजनी गर्ने पाँच जना पक्राउ




**काठमाडौँ।**
जेन्जी आन्दोलनका क्रममा सर्वोच्च अदालतमा आगजनी र तोडफोड गर्ने पाँच जनालाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको छ।
पक्राउ पर्नेमा राजु परियार, कुमार पराजुली, सुशील श्रेष्ठ र ज्योति थापा घतानी रहेको सोमवार आयोजित पत्रकार सम्मेलनमा जिल्ला प्रहरी परिसरका प्रवक्ता पवनकुमार भट्टराईले जानकारी दिए। प्रहरीले एक जनाको भने पहिचान खुलाएको छैन।
अदालतमा आगजनी गर्ने अन्य केहीको पहिचान भइसकेको जानकारी दिँदै उनले उनीहरुलाई पनि छिट्टै कानुनी दायरामा ल्याइने बताए । अदालतमा आगजनी गर्नेमाथि छानबिन गरी कारबाही गर्न सर्वोच्चले परिसरमा जाहेरी दिएको थियो।
परिसरमा जेनजी आन्दोलनका क्रममा आगजनी, तोडफोड, आपराधिक उपद्रवसँग सम्बन्धित १०४ वटा जाहेरी परेको छ । त्यसमध्ये २२ व्यक्तिगत, ६६ वटा सरकारी कार्यालय र १६ वटा संस्थागत÷व्यापारिक प्रतिष्ठानको रहेको परिसरले जनाएको छ।
आन्दोलनका क्रममा काठमाडौँमा मात्रै ४९ जनाको मृत्यु भएको प्रहरी तथ्याङ्क छ। त्यसमध्ये सात जनाको अझैसम्म पहिचान छैन । सो समयमा हराएका सात जनाको हुलिया प्राप्त भएको प्रहरीले जनाएको छ।
‘चुच्चेपाटीको भाटभटेनीमा सात वटा कङ्काल फेला परेका हुन्, जसले आशङ्का गर्नुभएको छ, फेला परेको शव पूर्णरुपले जलेकाले डिएनएनको नमुना पाउन सकिएन’, उनले भने, ‘पहिचानका लागि अन्य ठाउँमा पठाउने कि भनेर लागेको छाँै, सो शवको पहिचान नभएसम्म त्यसको यकीन गर्ने आधार देखिएन ।’ यसबीचमा विभिन्न कसुरमा १५४ वटा दर्ता भएको, २६७ जनालाई पक्राउ गरिएको, ८७ जना हाजिर जमानीमा छुटेका, ११३ जना हिरासतमा रहेको, ३३ जना धरौटीमा छुटेका छन् भने ४३ जना पुर्पक्षका लागि थुनामा पुगेका छन्।रासस

# लुम्बिनी प्रदेशसभामा जेनजी आन्दोलनको बिषय प्रवेश




**लुम्बिनी।**
लुम्बिनी प्रदेशसभाका सदस्यहरुले जेनजी आन्दोलनको विषय उठान गरेका छन । प्रदेशसभामा सोमवारदेखि सुरु भएको हिउँदे अधिवेशनको बैठकमा उनिहरुले गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलन र यसको उद्देश्यबारे प्रश्न उठाए।
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का प्रमुख सचेतक तुलसीप्रसाद चौधरीले जेन्जी आन्दोलनको उद्देश्य के हो भन्ने विषयमा स्पष्ट नभएको टिप्पणी गरे । उनले आन्दोलनबाट नेपाली जनताले के पाए भनि प्रश्न गरे।
नेपाली कांग्रेसकी प्रमुख सचेत जमुना ढकालले संयमता र जिम्मेवार कार्यशैलीको अभावका कारण जेन्जी आन्दोलनमा तोडफोड र आगजनी भएको बताए। उनले अझै पनि सडकमा त्रासको वातावरण रहेको भन्दै शान्तिपूर्ण वातावरण बनाउन सबैलाई आग्रह गरे।
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का प्रमुख सचेत इन्द्रजित थारुले परिस्थितिको गम्भीर आत्मसमीक्षा आवश्यक भएको बताए। उनले उत्पन्न अवस्थाको कारण पहिचान गरेर सबै दलले राष्ट्रियताका सवालमा जिम्मेवारी लिनुपर्ने धारणा राखे।
प्रदेशसभा सदस्य अम्बिका काफ्ले, भण्डारीलाल अहिर, हेमा बेल्वासे, चन्द्रकेश गुप्ता, जानकीप्रसाद यादवलगायत सांसदहरूले पनि धारणा राखे।
बैठकमा सभामुख तुलाराम घर्तिमगरले प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त तीन वटा पत्र पढेर सुनाए । उनले सातौं अधिवेशन आह्वानसम्बन्धी सूचना, मन्त्रिपरिषद् पुनःगठनबारे पत्र र छैटौं अधिवेशनबाट प्रमाणीकरण भइसकेका विधेयकसम्बन्धी जानकारी पढेर सुनाए।
बैठकले प्रदेशसभा सदस्य सरिता पुनको निधनप्रति शोक प्रस्ताव पारित गरेको छ।
चालु अधिवेशनका लागि प्रदेशसभा सचिवालयमा दर्ता भइसकेका दुई विधेयकमा जिल्लासभा तथा जिल्ला समन्वय समिति सञ्चालन ऐन, २०७५ संशोधन विधेयक र स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन २०७६ संशोधन विधेयक छन्।
यसबाहेक प्रदेश मन्त्रिपरिषद्ले थप तीन विधेयक संसद्मा पेस गर्न स्वीकृति दिएको छ।
तीमध्ये लुम्बिनी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन विधेयक, प्रदेश जीवनाशक विषादी व्यवस्थापन तथा नियमनसम्बन्धी विधेयक र दलित समुदायको अधिकार सुनिश्चित गर्ने विधेयक रहेका छन्।रासस

# सरकारद्वारा विशेष आर्थिक क्षेत्र मापदण्ड खारेज, भाडादर मासिक ५ रुपैयाँ कायम



**काठमाडौँ।**
नेपाल सरकारले भैरहवास्थित विशेष आर्थिक क्षेत्र सञ्चालन मापदण्ड तथा कार्यविधि, २०७१ खारेज गर्ने निर्णय गरेको छ । सोमवारको मन्त्रिपरिषद् बैठकले विशेष आर्थिक क्षेत्रको मासिक भाडादर प्रतिवर्गमिटर रु २० बाट घटाएर रु ५ कायम गर्ने निर्णय गरेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री महाबिर पुनले जानकारी दिए।
बैठकले युरोपियन युनियनको ‘ग्रीन एण्ड रिलाइबल इनर्जी फर इकोनोमिक प्रोस्परिटी इन नेपाल’ परियोजनाका लागि २३ दशमलव ५८ मिलियन युरो बराबरको सहयोग स्वीकार गर्ने निर्णय पनि गरेको छ। त्यसैगरी, सरकारले विद्युत् नियमन आयोगलाई ‘साउथ एसिया फर इन्फ्रास्टक्चर रेगुलेशन’ को सदस्यता लिन स्वीकृति प्रदान गरेको मन्त्री पुनले बताए।
नेपाल प्रहरीको हाल कायम रहेको स्वीकृत दरबन्दीभित्र नै केही कार्यालयका पद मिलान तथा दरबन्दी थपघट गर्न समेत बैठकले स्वीकृति दिएको छ। यसका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन गरी कार्य प्रारम्भ गर्ने निर्णय भएको छ।
गत भदौ २३ र २४ का जेन्जी आन्दोलनका घाइतेको उपचार तथा राहतका व्यवस्था गर्ने, सरकारद्वारा सञ्चालनमा रहेको सहायता कक्षमा सह–सचिव तथा उप–सचिवबाहेक १० जना स्वयंसेवक खटाउने र उनीहरूलाई चार महिनासम्म मासिक रु १५ हजारका दरले खाजा खर्च उपलब्ध गराउने निर्णय पनि बैठकले गरेको छ।
बैठकले प्रहरी नायब महानिरीक्षक ईश्वर कार्कीलाई प्रहरी अतिरिक्त महानिरीक्षकमा बढुवा गर्ने निर्णय गरेको छ । साथै ‘भूमिसम्बन्धी अध्यादेश, नवौँ संशोधन २०२२’ जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरिएको छ।
आर्थिक वर्ष २०८२÷८३ मा वन तथा वातावरण मन्त्रालयअन्तर्गत सञ्चालन हुने संरक्षित क्षेत्र तथा जैविक मार्गका एकीकृत भू–परिधि आयोजना लगायतका कार्यक्रमका लागि अधिकृत तहका ३७ दरबन्दी स्वीकृत गर्ने निर्णय पनि सरकारले गरेको छ।रासस

# प्रधानमन्त्री कार्कीलाई भेट्न नपाएपछि सिंहदरबारमा जेन्जीको आक्रोश

**काठमाडौँ**
मिराज ढुंगाना नेतृत्वको जेन–जी समूहले प्रधानमन्त्री सुशीला कार्कीले फोनमार्फतसमेत संवाद गर्न नचाहेको भन्दै गम्भीर आपत्ति जनाएको छ। समूहका सदस्यहरूका अनुसार सोमबार दिनभर प्रधानमन्त्रीसँग भेटवार्ता गर्न प्रयत्न गर्दा उनले मोबाइल स्विचअफ राखेकाले कुनै पनि प्रकारको सम्पर्क स्थापित हुन सकेन। यसप्रति समूहले खेद व्यक्त गरेको छ।
प्रधानमन्त्री सचिवालयबाट आफन्त तथा नातेदारलाई नियुक्त गरेको आरोप लगाउँदै जेन–जी समूह सिंहदरबारको दक्षिण गेट पुगेको थियो। तर, प्रधानमन्त्रीसँग मात्र होइन, उनीहरूले गृहमन्त्री ओमप्रकाश अर्यालसँग पनि सम्पर्क गर्न नसकेपछि निराश भएर फर्किएको बताएका छन्।
जेन–जी अभियन्ता सुशील बुढाथोकीले प्रधानमन्त्रीले आफूहरूको आवाज सुन्न तयार नदेखिएकोमा दुःख व्यक्त गर्दै, आन्दोलनकारीहरूसँग संवाद गर्ने धैर्यता राख्नुपर्ने चेतावनी दिए। उनका अनुसार प्रधानमन्त्रीले मोबाइल अफ गरेर सम्पर्क टारेको घटना अलोकतान्त्रिक व्यवहारको प्रमाण भएको बताइयो।
ढुंगाना समूहले सुशासनमा कमजोरी देखाउँदै प्रधानमन्त्री कार्कीले राजीनामा दिनुपर्ने मागसहित ज्ञापनपत्र बुझाउने तयारी गरेको थियो।
तर, सम्पर्क नै स्थापित नहुँदा उनीहरूले उक्त ज्ञापनपत्र सिंहदरबार दक्षिण गेटको भित्तामा टाँसेर प्रतिवादस्वरूप फर्किएको समूहले जनाएको छ। अभियन्ता बुढाथोकीले प्रधानमन्त्रीले संवाद नचाहनुको कारण स्पष्ट गर्नुपर्ने मागसमेत गरे।

# जेन्जी आन्दोलनका क्रममा मृत्यु भएका ७ जनाको अझै पहिचान हुन सकेन

**काठमाडौँ**
काठमाडौँ प्रहरी परिसरले भदौ २३ र २४ गतेको जेन–जी आन्दोलनसँग सम्बन्धित हालसम्म १०४ वटा उजुरी दर्ता भएको जानकारी दिएको छ। सोमबार आयोजित पत्रकार सम्मेलनमा परिसरका प्रहरी उपरीक्षक (एसपी) पवनकुमार भट्टराईले व्यक्तिगत २२, सरकारी कार्यालयसँग सम्बन्धित ६६ तथा संस्थागत र व्यापारिक प्रतिष्ठानका १६ उजुरी प्राप्त भएको बताए।
उनका अनुसार आन्दोलनका ती दुई दिनमा ४९ जनाको मृत्यु दर्ता भएको छ, जसमा ७ जनाको पहिचान अझै खुलेको छैन। पहिचानका लागि ती शवहरू डिएनए परीक्षणका लागि पठाइएको उनले बताए।
प्रहरीले ७ वटा उजुरी तामेलीमा राखेको जनाएको छ। आन्दोलनका क्रममा भएका क्षतिबारे २ सय २८ स्थानबाट विवरण संकलन गरिएको प्रहरीको भनाइ छ।
एसपी भट्टराईका अनुसार कर्तव्य ज्यान, आपराधिक उपद्रव, चोरी, हातहतियार, अभद्र व्यवहार तथा ज्यान मार्ने उद्योगजस्ता मुद्दासहित १५४ मुद्दा दर्ता भएका छन्। ती मुद्दामा हालसम्म २ सय ६७ जनालाई पक्राउ गरिएको छ। पक्राउ परेकामध्ये ८७ जनालाई हाजिरी जमानीमा रिहा गरिएको छ भने ११३ जनालाई न्यायिक हिरासतमा राख्न । न्यायिक प्रक्रियामा पेश गरिएका ३३ जना धरौटीमा रिहा भएका छन् भने ४३ जना पुर्पक्षका लागि थुनामा छन्। पक्राउ परेकामध्ये पाँच जना मात्र महिला रहेका छन्।
जेन–जी आन्दोलनको क्रममा जेलब्रेक गरेर भागेका ५९ जनालाई पुनः पक्राउ गरिएको प्रहरीले जनाएको छ। ती थुनुवामध्ये ज्यान मार्ने उद्योगदेखि अभद्र व्यवहारसम्बन्धी मुद्दामा सजाय काटिरहेका थिए। बाँकी १५ जना थुनुवासमेत प्रहरीको सम्पर्कमै रहेको एसपी भट्टराईले जानकारी दिए।

# एक खर्ब पुग्न लाग्यो सामाजिक सुरक्षा कोषमा योगदानको रकम

**काठमाडौँ।**
सरकारले आमनागरिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन शुरु गरेको सामाजिक सुरक्षा कोषमा झण्डै एक खर्ब रुपैयाँ बराबरको योगदान रकम पुगेको छ।

कोषका अनुसार हालसम्म कूल योगदान रकम ९५ अर्ब ४४ करोड १० लाख ५६ हजार तीन सय ६२ रुपैयाँ बराबर पुगेको छ । कोषमा हालसम्म सूचीकृत रोजगारदाता २२ हजार तीन सय नौ पुगेका छन् । यस्तै सूचीकृत योगदानकर्ता २६ लाख ४१ हजार एक सय ८९ बराबर पुगेको छ।

कोषले हालसम्म १७ अर्ब ६४ करोड ८८ लाख ३४ हजार छ सय ८४ रुपैयाँ रुपैयाबराबरको रकम दाबी भुक्तानी गरेको छ।




कोषका अनुसार, औषधी उपचार, स्वास्थ्य तथा मातृत्व दाबी रकम दुई अर्ब ५१ करोड २० लाख ९४ हजार आठ सय २२ रुपैयाँ, दुर्घटना तथा अशक्तता दावी २२ करोड ८६ लाख ५३ हजार चार सय ७५ बराबर रुपैयाँ रहेको छ । त्यस्तै आश्रित परिवार सुरक्षा दाबी रकम २९ करोड सात लाख ७२ हजार एक सय १६ रुपैयाँ र अवकाश दाबी रकम १४ अर्ब ६१ करोड ७३ लाख १४ हजार दुई सय ७१ रुपैयाँ बराबर छ।

सरकारले पछिल्लो पटक वैदेशिक रोजगारीमा जाने श्रमिकलाई समेत कोषमा अनिवार्य रूपमा सहभागी हुनैपर्ने वाध्यकारी व्यवस्था गरेपछि कोषको प्रभावकारिता समेत बढेको छ । स्वरोजगार श्रमिक, उद्योग प्रतिष्ठान तथा विभिन्न सङ्घसंस्थाका कार्यरत कामदार तथा श्रमिक कोषमा सहभागी भइ योगदानकर्ता बन्न सक्छन्।

कोषमा नियमित रूपमा योगदान गर्नेले औषधोउपचार, पेन्सन तथा दुर्घटना अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना, वृद्धावस्था सुरक्षा योजनाअन्तर्गत सुविधा पाउँछन् । कोषलाई प्रभावकारी बनाउन थप सिर्जनशल योजना ल्याउनुपर्ने आवाज पनि उठ्दै आएको छ । कोषमा योगदान रकम बढ्दै जाँदा लगानीका अन्य स्रोतहरूको खोजी गर्नुपर्ने आवश्यकता बढेर गएको छ।रासस

# भौतिक पूर्वाधार पुनर्निर्माण कोषमा नौ करोड ३० लाख जम्मा

**काठमाडौँ ।**
सरकारले स्थापना गरेको भौतिक पूर्वाधार पुनर्निर्माण कोषमा आइतबार लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको तर्फबाट एक करोड एक लाख रुपैयाँ जम्मा भएको छ । सो कम्पनीको प्रमुख कार्यकारी अधिकृत प्रणय कुमारले एक करोड एकलाख रुपैयाँ बराबरको भौचर अर्थमन्त्री रामेश्वर प्रसाद खनाललाई हस्तान्तरण गरेका थिए ।

त्यसैगरी भौतिक पूर्वाधार पुनर्निर्माण कोषमा जम्मा हुनेगरी एफवान सफ्ट ग्रुपमा आवद्ध एफवान सफ्ट इन्टरनेशनल, इसेवा लिमिटेड र फोनपे पेमेण्ट सर्भिस लिमिटेडका कर्मचारी तथा उक्त कम्पनीको संयुक्त योगदान हुने गरी ७५ लाख रुपैयाँ बराबरको चेक हस्तान्तरण गरिएको थियो । यही मङ्सिर ३ गते अर्थमन्त्री खनाललाई उक्त ग्रुपको तर्फबाट अध्यक्ष सिद्धान्त ठकुरीले चेक हस्तान्तरण गरेका थिए ।

सरकारद्धारा स्थापित भौतिक पूर्वाधार पुनर्निर्माण कोषमा योगदान गर्ने दुवै कम्पनीलाई सरकारको तर्फबाट अर्थमन्त्री खनालले विशेष धन्यवाद ज्ञापन गर्नुभएको थियो । उक्त कोषमा आइतबारसम्म नौ करोड ३० लाख रुपैयाँ जम्मा भएको अर्थमन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयले जानकारी दिए ।रासस

# कैफियत देखिएपछि अर्घाखाँची सिमेन्टलाई दुई लाख बढी जरिवानामा

**काठमाडौँ ।**
उपभोक्ता संरक्षण ऐनअनुसार काम नगरेको पाइएपछि वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले अर्घाखाँची सिमेन्टलाई दुई लाख पाँच हजार बराबर रुपैयाँको जरिवाना गरेको छ ।

विभागले अनुगमनको क्रममा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १६ र दफा ३८ बमोजिमको कसुरमा सोही ऐनको दफा ३९ को १ बमोजिम कारबाही गरेको हो ।

विभागले आइतबार रूपन्देही र काठमाडौँका विभिन्न उद्योग तथा प्रतिष्ठानमा एकैपटक बजार अनुमगन गरेको र कैफियत देखिएकालाई जरिवाना गरेको प्रेस विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

त्यसमा वस्तु तथा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य नापतौल, ढाँचा वा बिक्री वा प्रदान गर्ने कार्यलाई अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको मानिने उल्लेख छ ।

ऐनको दफा ३९ मा 'बजार अनुमगन, निरीक्षण, जाँचबुझ वा खानतलासीको क्रममा तत्काल प्राप्त प्रमाणबाट वस्तुको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, बिक्रेता वा सेवा प्रदायकले देहायको कुनै कसुर गरेको देखिएमा निजलाई निरीक्षण अधिकृतले देहाय बमोजिम जरिवाना गर्न सक्नेछ' भन्ने व्यवस्था छ ।

ऐनअनुसार अनुचित व्यापारिक क्रियाकलाप गरेको पाइएको खण्डमा निरीक्षण अधिकृतले अधिकतम दुई लाख रुपैयाँ देखि तीन लाख रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछन् ।

यस्तै विभागले तिरूपति फुड प्रोसोसिङ इण्डस्ट्रिज सिदार्थनगर रूपन्देहीलाई पनि दुई लाख पाँच हजार रुपैयाँ जरिवाना गरेको छ ।

विभागले पञ्चकन्या स्टीललाई सामान्य निर्देशन दिएको छ । विभागले आइतबार आकवा मिनरल्स, त्रिकोण वेभरेज, कुण्डपानी प्रशोधन उद्योग, अन्नपूर्ण इन्डस्ट्रिज, एनबि वेभरेज, शुभकामना मिनिरल वाटर एण्ड वेभरेज, चण्डेस्वरी मिनरल वाटर एयड वेभरेल, झरना प्योर ड्रिङकिङ वाटर प्रालि र कीर्तिपुर सहकारी खानेपानी उद्योगमा स्थलगत अनुमगन गरेको थियो ।
रासस

# कृषकलाई सुन्तला ढुवानी सधैंको समस्या

**तनहुँ ।**
देवघाट गाउँपालिका–३ का सुन्तला उत्पादक कृषकलाई ढुवानीको समस्या सधैंको पिरलो बनेको छ । यहाँबाट करोडौ मूल्यका सुन्तला विक्री हुने गरेपनि ढुवानीको समस्या भने सधैं झेल्नुपरेको हो । यहाँ उत्पादित सुन्तला तनहुँ, पोखरा, चितवन, काठमाडौसम्म पुग्ने गरेको छ । यस वडाको छिपछिपे, बाटक, छापस्वाँरा, दगरा, लुङ्ग्रिङबाट करोडौ मूल्य बराबरको सुन्तला उत्पादन हुने गरेको कृषक रणबहादुर मगरले जानकारी दिए ।

सुन्तला बजारसम्म पु¥याउन भने सधैं समस्या झेल्नुपरेको उनको गुनासो छ । उनले भने, 'यहाँका कृषकको मुख्य आम्दानी सुन्तला खेती नै हो । कालीगण्डकी, सेतीमादी र त्रिशुली नदीले घेरिएको उक्त वडामा जान कुनै पनि नदीमा पक्की पुल बनेको छैन । पक्की पुल नहुँदा उक्त उत्पादित करोडौं मूल्यको सुन्तला बजारसम्म पु¥याउन सकस हुने गरेको छ ।' सुन्तलाको बोटमा रोग लागेर यसवर्ष उत्पादनमा कमी भएपनि आम्दानी भने गत वर्ष भन्दा ३० प्रतिशत बढि भएको उनले बताए ।

गत वर्षहरुमा मङ्सिरको दोस्रो साता सुन्तला बजार पठाउने गरिएपनि यस वर्ष भने पहिलो सातामै सुन्तला बजार पठाइएको कृषक प्रेमबहादुर मगरले बताए । उनका अनुसार प्रति क्रेट एक हजार चार सय रुपैयाँमा सुन्तला विक्री भएको छ ।

उनले भने, बजारसम्म सुन्तला पु¥याउन बाटो र पुलको अभाव र भरियामार्फत ढुवानी गर्दा बढी खर्च लाग्ने गर्छ । सुन्तला बजार पु¥याउन नाल्दी र गाईघाटमा पुल नहुँदा यहाँका किसानले कोटा, बैदी तथा साराङघाटको बाटो प्रयोग गरी दमौली हुँदै काठमाडौ पठाउने गरेका छन् ।'

कृषक भीमबहादुर रानाले सिधा सडक सञ्जाल विस्तार नभएकाले घुमाउरो बाटो प्रयोग गर्दा किसानले दोब्बर भाडा तिर्नुपरेको गुनासो गरे । उनले भने, 'केही कृषकले मुग्लिन–नारायणगढ सडकको गाईघाटसम्म जीपमा ल्याएर त्यहाँबाट बोकाएर झोलुङ्गे पुल तारेर राजमार्गसम्म ल्याउने गर्छन् । छापस्वाँरा, दगराका किसानले ग्राभिटी रोपवेमार्फत बुद्धसिंह मार्गमा लगेर त्यहाँबाट दमौली हुँदै काठमाडौ लैजाने गरेका छन् ।' सडक पहुँच अभावका कारण यहाँका किसानले बिचौलियाका माध्यमबाट दमौली, मुग्लिन, नारायणगढ र काठमाडौसम्म बजार विस्तार गर्न बाध्य भएका छन् । यस वडाको लुङ्ग्रिङमा एकै घरबाट रु २० लाखसम्म सुन्तला विक्री हुने गरेको बताइन्छ ।

यहाँ उत्पादित सुन्तलाका साथै अदुवा, केरा तथा अन्य फलफूल ग्राभिटी रोपवेबाटै राजमार्गसम्म लगेर बजारसम्म पु¥याउने गरिएको छ । साथै बाख्रा, कुखुरा तथा अन्य पशुपंक्षीका लागि दाना चोकर पनि त्यहीँबाटै ल्याउने गरिएको छ ।रासस

# किसानलाई बाली जोगाउने चिन्ता

**रुपन्देही ।**
हरेक वर्षझैँ यस वर्ष पनि किसानको उस्तै पीडा, चिन्ता र सङ्घर्ष छ । गहुँको बीउ छर्न मल अभावले किसान चिन्तित छन् । अर्कोतर्फ बेमौसमी वर्षाका कारण पानीमा डुबेर नष्ट भएको धानबाली निकाल्नै कठिन छ । कृषि पेसामा आत्मनिर्भर बन्ने सपना बोकेका किसानको दैनिकी भागदौड, चिन्ता र निराशाले भरिएको छ ।

अहिले धानबाली भित्र्याउने बेला हिउँदे बाली लगाउन किसान चटारोमा छन् । कोही मल नपाएर बीउ खेतमा छर्न सकिरहेका छैनन् भने कोही धानबाली नै निकाल्न नसकेर चिन्तित छन् । कृषि कर्मको प्राण नै मल–बीउ भएको ठान्ने किसानका लागि यतिबेला सबैभन्दा ठूलो चुनौती मल–बीउ नै भइरहेको छ ।



रुपन्देहीको मर्चवारी गाउँपालिका–२ का सुमेर यादव यतिबेला गहुँ र दलहनको खेती तयारीमै व्यस्त छन । तर, मल–बीउ ल्याउन नपाए खेतीपाती नै अधुरो हुने उनलाई चिन्ता छ । यादव भने 'सरकारले समयमा पर्याप्त मल–बीउ उपलब्ध गराउन सकेको छैन । मलका लागि छिमेकी मुलुक भारतकै भर पर्नुपर्छ । कहिले मल सहजै ल्याउन पाइन्छ । तर, बेलाबखत सुरक्षाकर्मीको गाली खानुपर्छ । किसान भएकै कारण हामीलाई धेरै पीडा सहनुपरेको छ ।'कोटहीमाई गाउँपालिका–७ का दिनेश लोधको समस्या पनि उस्तै छ । सहकारी संस्थामा मल आएको खबर सुन्नासाथ बिहान सबैरै दौडनु, लाइनमा बस्नु र नपाए फर्केर फेरि भारतीय बजार धाउनुपर्ने बाध्यता रहेको उनको भनाइ छ ।

'सहकारीमा बिहानै लाइन बसिएन भने मल पाइँदैन । त्यहाँ नपाए सीमावर्ती भारतीय बजार धाउनुपर्छ', उनले भने, 'मल बिना खेती गर्न सकिन्न ।' सम्मरीमाई गाउँपालिका–७ का साहुल हरिजनको पीडा भने भिन्न छ । बेमौसमी वर्षाले डुबानमा परेको खेतबाट धानबाली निकाल्न चुनौती रहेको उनि बताउछन ।

हरिजनका अनुसार पानीको उचित निकास नहुँदा धेरैजसो धानबाली खेतमै नष्ट भइसकेको छ । बचेका बोट–बिरुवा उठाएर सुकाउने काममै उहाँ व्यस्त हुनुहुन्छ । 'हाम्रो खेतमा बर्सेनि पानी जमेर बाली नष्ट हुन्छ । कुलो–नाला व्यवस्था भए हामी जोगिन सक्थ्यौँ । किसानको पीडा बुझ्ने समय कहिले आउँला ?' उनले प्रश्न गरे । यी समस्या केवल रुपन्देहीको दक्षिणी क्षेत्र मर्चवारको मात्र होइनन्, तराई–मधेसका किसान बर्सेनि मल–बीउको अभाव, उचित बजार मूल्य नपाउनु, मल पाउन सास्ती र बेमौसमी वर्षाबाट धानबालीमा क्षतिलगायतका समस्या झेलिरहेका छन् ।

खेतमा पसिनै बगाएर आफ्नो र परिवारको गुजारा चलाउने आफूहरुको पीडा कसैले गम्भीर रूपमा नलिएसम्म कृषिबाट समृद्धिको सपना केवल कागजमै सीमित हुने किसान बताउँछन् । कोटहीमाई गाउँपालिकामा रहेका १८ सहकारीमार्फत मल वितरण भइरहे पनि किसानले आफ्नो आवश्यकताअनुसार भने पाउन सकेका छैनन् ।

रुपन्देहीमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड प्रादेशिक कार्यालय भैरहवामार्फत मल वितरण भइरहेका छ । तर मागअनुसार र समयमा मल नपाउँदा किसान मर्कामा पर्दै आएका छन् ।
रासस

# विराटनगरको लगातार तेस्रो जित, जनकपुर जितविहीन



**काठमाडौँ**
नेपाल प्रमियर लिग (एनपिएल) मा विराटनगर किंग्सले लगातार तेस्रो खेलमा जित हासिल गरेको छ ।

सोमबार भएको दिनको पहिलो खेलमा जनकपुर बोल्ट्समाथि ९ रनको जित निकाल्दै विराटनगरले लगातार तेस्रो खेलमा जित निकाल्यो ।

जनकपुरको भने यो लगातार दोस्रो हार हो ।

विराटनगरको जितमा कप्तान सन्दीप लामिछानेले सनसनीपूर्ण बलिङ गरेका थिए ।

टस हारेर पहिले ब्याटिङ गरेको विराटनगर किंग्सले १ सय ३६ रनको सामान्य लक्ष्य प्रस्तुत गरेको थियो । तर, उक्त लक्ष्य पछ्याएको जनकपुर 'डेथ ओभर' मा लगातार विकेट गुमाउन पुग्दा सामान्य लक्ष्य पनि भेटाउन सकेन ।

जनकपुरका लागि जन निकोल लोफ्टाइ–एटनले ४१ रन बनाउनु सर्वाधिक रह्यो । उनीबाहेक लाहिरु मिलन्थाले २३ रन बनाउँदा सन्जय कृष्णमुर्तीले २० रन बनाए ।

जनकपुरलाई सस्तैमा समेट्ने क्रममा सन्दीप लामिछानेले घातक बलिङ गरे । उनले ४ ओभरमा ११ रन खर्चिएर ४ विकेट लिँदा सूर्य तामाङले २ र शुमन रञ्जना र मर्चेन्ट लङले १–१ विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको विराटनगर निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १ सय ३५ रनमा समेटियो । विराटनगरका लागि शुभम रञ्जनले ३७ रन बनाउँदा बसिर अहमदले ३६ रन बनाए । त्यस्तै, लोकेश बमले २८ रन तथा मार्टिन गुप्टिलले १३ र जर्ज मुन्सीले १० रन बनाएका थिए ।

जनकपुरका लागि सञ्जित कोरी र रुपेश सिंहले २–२ विके लिँदा आदित्य महताले १ विकेट लिएका थिए ।

# पेशावरमा एफसी मुख्यालयमै आत्मघाती हमला, ३ को मृत्यु

पाकिस्तानको पेशावरमा रहेको अर्धसैनिक बलको मुख्यालयमा आत्मघाती हमला हुँदा ३ जनाको मृत्यु भएको छ। साथै दुई जना आक्रमणकारी पनि मारिएका छन् ।

पाकिस्तानको खैबर पख्तुनख्वाको राजधानी पेशावरस्थित फेडरल कन्स्टेबुलरी (एफसी) को मुख्यालयमा यो आत्मघाती आक्रमण भएको हो। यो अर्धसैनिक बलहरूको मुख्य कार्यालय हो। ्सोमबार बिहान त्यहाँ दुईवटा ठूला विष्फोटको आवाज सुनिएको थियो। त्यसलगत्तै सुरक्षाकर्मीहरूले उक्त क्षेत्रलाई घेराबन्दी गरेर जवाफी कारबाही (अपरेसन) सुरु गरेका छन्।

समाचार एजेन्सी रोयटर्सका अनुसार, यस आक्रमणमा अहिलेसम्म ३ जनाको मृत्यु भएको पुष्टि भएको छ। उता पाकिस्तानी पत्रिका 'डन' को रिपोर्ट अनुसार दुई आक्रमणकारी मारिएका छन् र सुरक्षा बलले उक्त क्षेत्रलाई पूर्ण रूपमा घेरेको छ ।

खैबर पख्तुनख्वा प्रहरीका आईजी जुल्फिकार हमिदले पाकिस्तानी सञ्चारमाध्यमलाई जानकारी दिए अनुसार बाँकी विवरण आउन बाँकी छ ।

पाकिस्तानमा फेडरल कन्स्टेबुलरी एक नागरिक अर्धसैनिक बल हो। यसलाई पहिले 'फ्रन्टियर कन्स्टेबुलरी' भनिन्थ्यो, तर पाकिस्तान सरकारले गत जुलाईमा यसको नाम परिवर्तन गरेको थियो। डनको रिपोर्ट अनुसार, यो बलको मुख्यालय क्यान्ट क्षेत्र नजिकैको एक अत्यन्तै भीडभाड हुने ठाउँमा अवस्थित छ । एजेन्सी

# निर्वाचनमा सबै राजनीतिक दलले भाग लिन्छन्ः मन्त्री खरेल



**चरिकोट ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा सबै राजनीतिक दल सहभागी हुने विश्वास व्यक्त गरेका छन ।

आइतबार कालिञ्चोक–८ सुनखानीमा कालिनाग माध्यमिक विद्यालयले आयोजना गरेको बधाइ तथा अभिनन्दन कार्यक्रममा उनले निर्वाचनका लागि वातावरण बनिसकेको उल्लेख गरे । उनले भने, 'हाम्रो मुख्य लक्ष्य भनेको निर्वाचन हो, निर्वाचनको लागि सरकार तयार छ, सबै राजनीतिक दलले निर्वाचनमा भाग लिँदैछन् । सरकारले निर्वाचनको वातावरण बनाउछ, यो सन्देश देशभर फैलाउन जरुरी छ ।'

उनले सुशासनमा सम्झौता नगर्ने भन्दै छ महिनाभित्र अनुभूति हुनेगरी काम गर्ने विश्वास व्यक्त गरे । उनले जेन्जी आन्दोलनको विरुद्धमा हुने कुनै पनि कार्य सरकारलाई शैह्य नहुने स्पष्ट पारे । उनले जेन्जी आन्दोलनको जगमा बनेको सरकारले जेन्जी आन्दोलनका घाइते र मृतकको योगदानलाई खेर जान नदिने प्रतिबद्धता व्यक्त गरे ।

मन्त्री खरेलका अनुसार वर्तमान सरकारले भ्रष्टाचार कम गर्दै सुशासनलाई प्राथमिकता दिएको छ । उनले देशमा राजनीतिक दलको अत्यधिक सत्ता खेल र स्वार्थ केन्द्रित राजनीतिका कारण समग्र विकाससँगै शिक्षा क्षेत्रमा गम्भीर असर परेको उल्लेख गर्दै अब विकास र सुशासनलाई प्राथमिकतामा राख्दै अघि बढ्नुपर्नेमा जोड दिए ।

उनले भने, 'देशमा स्थिर सरकार नबन्दा राजनीतिक दलको अस्थिर सत्ता–प्रतिस्पर्धा बढेर शिक्षा क्षेत्रदेखि समग्र विकाससम्म प्रभाव परेको छ । अब स्थिरता, गुणस्तरीय शिक्षा र सुशासनलाई प्राथमिकतामा राख्दै सबै दलले राष्ट्रिय जिम्मेवारी निर्वाह गर्न आवश्यक छ ।'

सञ्चारमन्त्री अभिनन्दित

सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री खरेल आफ्नो गृह जिल्ला दोलखामा अभिनन्दित भएका छन । आइतबार दोलखा पुग्नुभएका सञ्चारमन्त्रीलाई कालिञ्चोकको सुनखानीस्थित कालिनाग माध्यमिक विद्यालयले भव्य स्वागतसहित अभिनन्दन गरेको हो ।

त्यसअघि सुनखानी पुगेपछि स्थानीयवासीले मन्त्री खरेललाई बाजागाजासहित स्वागत गरेका थिए । जिल्ला प्रवेश गरेलगत्तै मन्त्री खरेलले आफ्नै जन्मस्थानस्थित कालिनाग मन्दिरको दर्शन गरी पूजा अर्चना गर्नुभएको थियो ।

स्थानीयस्तरमा आयोजित बधाई तथा अभिनन्दन कार्यक्रममा मन्त्री खरेलले आफूलाई दिएको सम्मानप्रति कृतज्ञता व्यक्त गर्दै जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्ने बताए ।

मन्त्री खरेलले कालिञ्चोक गाउँपालिकाको कार्यालय निरीक्षण गरे । साथै उहाँले गाउँपालिका–७ मा आयोजित कार्यक्रममा सरिक भएका थिए । मन्त्री खरेलले जन्म घर पुगे । सो क्रममा उनले जिल्लाकै ज्येष्ठ नागरिक (१०२ वर्ष उमेर) को आशिर्वाद लिए ।रासस

# पौवादुङमाको चाँपे गाउँमा घरघरमा जडान

**भोजपुर ।**
पौवादुङमा गाउँपालिका–१ श्यामशिलाको चाँपे गाउँमा 'एक घर एक धारा' जडान भएपछि स्थानीयवासी सहज भएका छन् । गाउँपालिका र वडाको पहलमा पिउने पानीको समस्या झेल्दै आएका ३० घर परिवारमा घरघरमा धारा जडान गरिएको हो ।

यहाँका पिउने पानीको समस्या रहेको चाँपे गाउँमा 'एक घर, एक धारा' जडान गरिएको वडाध्यक्ष राजेन्द्र तामाङले जानकारी दिए । पानीको चरम समस्या रहेका स्थानीयलाई लक्षित गरेर पानी वितरण गरिएको उनको भनाइ छ ।

'स्थानीयको पानीको समस्या समाधानको लागि चाँपे गाउँमा पानी वितरण गर्न सफल भएका छौँ', वडाध्यक्ष तामाङले भने, 'यहाँका सबै घरमा शुद्ध पिउने पुगेको अवस्था छ । अब भने यहाँका स्थानीयको वर्षौंदेखिको पानीको समस्या समाधान भएको छ ।'



यहाँ गाउँपालिकाबाट चार लाख ५० रुपैयाँ बजेट विनियोजन गरेर स्थानीयलाई पानी वितरण गरिएको पौवादुङमा गाउँपालिका उपाध्यक्ष ज्योत्सना राईले बताए । गाउँपालिकामा ठूला–साना विभिन्न खानेपानी योजना सञ्चालन गरेर 'एक घर एक धारा' पु¥याउने लक्ष्यका साथ काम गरिरहेको उपाध्यक्ष राईको भनाइ छ ।

'यहाँका ३० परिवारको घरमा धारा जडान गर्न सफल भएका छौँ', उनले भने, 'हाम्रो गाउँपालिकाको अन्य वडामा पानीको निकै ठूलो समस्या छ । ठूला योजना सञ्चालनसँगै यहाँका मुहानको संरक्षण गरेर स्थानीयको घरघरमा धारा पुऱ्याउने लक्ष्यका साथ काम गरिरहेका छौँ ।

'एक घर, एक धारा' अभियान सञ्चालन गरेर प्रत्येक घरमा शुद्ध पिउने पानी पु¥याइएपछि स्थानीयवासी खुसी भएका छन् । घरमा धारा जडान भएपछि वर्षौंदेखिको पानीको समस्या अन्त्य भएको स्थानीयवासी तारा तामाङले बताए । अब भने पानीको जोह गर्नको लागि घण्टौ समय बिताउनुपर्ने अवस्था नरहेको उनको भनाइ छ ।

'घरमा धारा नहुँदा पानीको निकै समस्या थियो', उनले भने 'अन्यत्रबाट बोकेर ल्याएर पानीको जोह गर्दै आएका थियौँ । घरमा नै धारा जडान भएपछि सहजता भएको छ ।'

घरमा धारा नहुँदा घण्टौँ परबाट डोकोमा बोकेर ल्याएर पानीको जोह गर्दै आएको अर्की स्थानीयवासी सङ्गीता राईले बताए । घरको आगनमा धारा जडानले सरसफाइसँगै खेर गएको पानी करेसावारी प्रयोग गर्दै आएको उनको भनाइ छ ।

'विगतमा पानीको जोह गर्न डोको बोकेर ल्याउनुपर्ने अवस्था थियो', उनले भने, 'अहिले धारा जडान भएपछि दैनिक कामकाजमा सहज छ ।

खेर गएको पानीको सदुयोग गरेर करेसाबारीमा प्रयोग गरिरहेका छौँ । गाउँपालिकाले गरेको कामले हाम्रो दैनिकीमा परिवर्तन ल्याएको छ । 'रासस

# पदयात्रा गर्न पाउँदा खुसी हुन्छन् पर्यटक

**नेपालगञ्ज।**
बाँकेमा विभिन्न स्थानमा रहेका पर्यटकीय क्षेत्रमा पदयात्रा गर्न पाउँदा पर्यटक खुसी हुन थालेका छन् । जिल्लाका प्रसिद्ध पर्यटकीय क्षेत्रमा अहिले आन्तरिक तथा भारतीय पर्यटकको चहलपहलसँगै पदयात्रा गर्नेको भीड लाग्न थालेको पर्यटन व्यवसायीले जनाएका छन्।

बाँकेको राप्तीसोनारी गाउँपालिकामा रहेको बाबा बर्फानी मन्दिर, गाईलेक, सन्तानेश्वर महादेवको मन्दिर,नरैनापुर गाउँपालिकमा रहेको गोवद्र्धन धाम र डुडुवा गाउँपालिकामा रहेको कम्मर शाह मन्दिर पदयात्राका लागि सबैभन्दा उत्तम मानिएको छ।

यसमध्ये पनि प्रकृतिसँगै रमाउदै पदयात्रा गर्न राप्तीसोनारीको बाबा बर्फानी र सन्तानेश्वर महादेवको मन्दिर र नरैनापुरको गोवद्र्धन धाम अझ बढी आर्कषक रहेको नेपाल एसोसिएसन अफ टूर्स एण्ड ट्राभल एजेन्ट्स (नाट्टा), बाँकेका निवर्तमान अध्यक्ष श्रीराम सिग्देलले बताए।

उनले यस बाहेक बाँके राष्ट्रिय निकुञ्जमा साइकिलिङ, हाइकिङ, जङ्गल वाक र जङ्गल सफारी गरेर यात्रालाई रोमाञ्चक बनाउन सकिने उल्लेख गरे।

उनले भने 'जिल्लामा यस्ता धेरै स्थान छन् जसको व्यवस्थापनबाट मात्रै पनि आन्तरिक तथा बाह्य पर्यटकलाई लोभ्याउने बनाएर पर्यटन प्रवद्र्धन गर्न सकिन्छ।'

तराईको पहाड मानिएको महाभारत चुरे पहाडमा रहेको बाबा बर्फानीको मन्दिर पुगेर आउनुभएकी पुष्पा ज्ञवाली खनालले प्राकृतिक सुन्दरताले आफूलाई लोभ्याएको उल्लेख गर्दै आन्नद महसुस भएको बताए।

उनले बाबा बर्फानी जाने बाटो आवतजावत गर्नका लागि भौतिक पूर्वाधारको विकास आवश्यक भएको भन्दै पदयात्रा रोमाञ्चक भएको अनुभव सुनाए । गुल्मेली समाज, बाँकेका अध्यक्ष हरिलाल न्यौपानेले प्रकृतिसँगको सामिप्यताले मनमा फरक प्रकारको शान्ति मिल्ने उल्लेख गर्दै बाबा बर्फानी पदयात्राको उकालो ओरालो यात्राले शरीरमा थेरापीको कामसमेत गरेको बताए।

पत्रकार विनय दीक्षितले सन्तानेश्वर महादेवको मन्दिर नरैनापुर गाउँपालिका–५ को मटेहिया चोकदेखि करिब १५ किलोमिटर उत्तरमा रहेको जानकारी दिँदै मन्दिर पुगेपछि शान्तिको अनुभूति हुने बताए।

उनले प्रकृतिको दृश्यावलोकनले रोमाञ्चक बनाउने उल्लेख गर्दै पदयात्राका लागि महत्वपूर्ण पर्यटकीय गन्तव्य भएको बताए।

उनले भने, 'सन्तानेश्वर महादेवको दर्शन गर्न आन्तरिक तथा भारतीय पर्यटकको घुइँचो नै लाग्छ र पर्यटक पदयात्रा गरेर पहाडमा रहेको मन्दिरमा पुग्छन् ।' अति रमणीय, सुन्दर अनि मनमोहक दृश्यले भरिपूर्ण गोवद्र्धनधाम क्षेत्रलाई पनि धार्मिक पर्यटकीयस्थलका रुपमा विकास गरेर आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षिकत गर्न सकिन्छ। यस क्षेत्रलाई पनि पदयात्राका लागि चयन गर्न सकिने र यसबाट भरपुर आनन्द प्राप्त हुने पत्रकार दीक्षितको भनाइ छ।

नेपालगञ्जदेखि करिब ३८ किलोमिटर पूर्व नरैनापुर पुगेर नरैनापुरको वडा ४ जयारामपुरुवाबाट उत्तर ५ किलोमिटर अगाडि जङ्गलको बीचमा गोवद्र्धनधामको मन्दिर छ । नरैनापुरसम्म चारपाङ्ग्रे सवारीसाधन र नरैनापुरबाट मोटरसाइकलको प्रयोग गरी सो स्थलमा पुग्न सकिने बताइएको छ।

गोवद्र्धनधाम क्षेत्रको पूर्वमा धार्मिक पर्यटकीयस्थल बर्फानी बाबाको आश्रम र पश्चिममा प्रसिद्ध सन्तानेश्वर मन्दिर छ । नरैनापुर क्षेत्रको पहाडी भूभाग र राप्ती नदी किनारक्षेत्रमा विभिन्न मठमन्दिर छन्। यस बाहेक पनि बाँकेमा धेरै पर्यटकीय क्षेत्र छन् जहाँ छोटो समय बिताएर पनि पर्यटकले सन्तुष्टी प्राप्त गर्न सक्छन्। रासस

# छुट्टाछुट्टै सडक दुर्घटनामा तीन जनाको मृत्यु

**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिका ३२ कोटेश्वरमा भएको दुर्घटनामा परेर एक जनाको ज्यान गएको छ ।

कोटेश्वर चोकस्थित सडकमा बा ३ ख ७३८७ नम्बरको बसले किचेर सोही बसका सहचालक भक्तपुर नगरपालिका १० घर भएका ४१ वर्षीय सुरेन्द्र लागेको आइतबार दिउँसो मृत्यु भएको प्रहरीले जनाएको छ ।

गुडिरहेको बसबाट खस्दा सोही बसले किचेर गम्भीर घाइते भएका उनको वीर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै मोरङ, बुढीगङ्गा गाउँपालिका–५ स्थित सडकमा स ३ प ८८४५ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक सोही गाउँपालिका–४ बस्ने सप्तरी राजविराज नगरपालिका–१ घर भएका १९ वर्षीय सुरज नुनियाको मृत्यु भएको छ ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको विराट टिचिङ अस्पताल गङ्गाचोकमा उपचारको क्रममा मृत्यु भएको हो ।

कपिलवस्तु, कृष्णनगर नगरपालिका–३ लक्ष्मीनगरस्थित सडकमा लु ३ त ५९५० नम्बरको थ्रेसर आइतबार दिउँसो दुर्घटना हुँदा थ्रेसरमा सवार सोही नगरपालिका–३ झण्डेनगर बस्ने ४२ वर्षीय पिताम्बर लोनियाको घटनास्थलमै मृत्यु भएको छ । थ्रेसर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।रासस

# बागलुङमा थपिए पाँच हजार ३९३ मतदाता

**बागलुङ ।**
आगामी २१ फागुनको निर्वाचनका लागि बागलुङमा पाँच हजार ३९३ जना नयाँ मतदाता थपिएका छन् । सरकारले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी गत असोज १० गतेदेखि मङ्सिर ५ गतेसम्म मतदाता नामावली सङ्कलन गरेको हो ।

जिल्ला निर्वाचन कार्यालय बागलुङका अनुसार जिल्लामा यसभन्दा अगाडि एक लाख ८९ हजार १७३ जना मतदाता थिए । बायोमेट्रिक विधिबाट कार्यालयमै आएर एक हजार ४६४ जना र राष्ट्रिय परिचयपत्रका आधारमा तीन हजार ९२९ गरी पाँच हजार ३९३ जना नयाँ मतदाता थपिएको जिल्ला निर्वाचन अधिकारी यज्ञप्रसाद रिजालले जानकारी दिए । १०० जनाको बाह्य दर्तासमेत गरेको रिजालले बताए । राष्ट्रिय परिचयपत्रका आधारमा फोटोसहितको मतदाता नामावलीमा महिला र पुरुष छुट्ट्याउने काम भइरहेको निर्वाचन अधिकारी रिजालको भनाइ छ । उनले निर्वाचन कार्यालयमा नाम दर्ता गराउन युवापुस्तामा मतदाताको उत्साहजनक सहभागिता रहेको बताए । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन कार्यालयले नयाँ मतदाताको नाम दर्ता गर्ने, त्रुटि सच्याउने, स्थान परिवर्तनलगायत काम गर्दै आएको रिजालले‌को भनाइ छ ।

उनले भने, 'यसपाली मतदाता नामावलीमा नाम दर्ता गर्ने धेरै जसो युवाहरू हुनुहुन्छ, कतिपयले यहाँबाट नामसारी गरे, कार्यालयमा आएर दर्ता गर्नेभन्दा राष्ट्रिय परिचयपत्रबाट अनलाइनमार्फत गर्ने सङ्ख्या बढी देखियो, अहिले अनलाइनबाट दर्ता भएका महिला र पुरुषको सङ्ख्या छुट्ट्याउने प्रक्रियामा छौँ ।'

नेपाली नागरिकता प्राप्त गरेर १८ वर्ष उमेर पूरा भएका नेपाली नागरिकले आफ्नो नाम मतदाता नामावलीमा दर्ता गराउन सक्ने व्यवस्था छ । उमेर पुगे पनि विभिन्न कारणले विदेशमा काम गर्ने, पढाइ र कामको सिलसिलामा बाहिर रहेका मतदातालाई लक्षित गरेर जेन्जी समूहको मागअनुसार सरकारले मङ्सिर ५ गतेसम्म मतदाता नामावली सङ्कलन गरेको हो । रासस

# भौतिक पूर्वाधार पुनर्निर्माण कोषमा नौ करोड ३० लाख जम्मा

**काठमाडौँ ।**
सरकारले स्थापना गरेको भौतिक पूर्वाधार पुनर्निर्माण कोषमा आइतबार लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको तर्फबाट एक करोड एक लाख रुपैयाँ जम्मा भएको छ ।

सो कम्पनीको प्रमुख कार्यकारी अधिकृत प्रणय कुमारले एक करोड एकलाख रुपैयाँ बराबरको भौचर अर्थमन्त्री रामेश्वर प्रसाद खनाललाई हस्तान्तरण गरे थिए ।

त्यसैगरी भौतिक पूर्वाधार पुनर्निर्माण कोषमा जम्मा हुनेगरी एफवान सफ्ट ग्रुपमा आवद्ध एफवान सफ्ट इन्टरनेशनल, इसेवा लिमिटेड र फोनपे पेमेण्ट सर्भिस लिमिटेडका कर्मचारी तथा उक्त कम्पनीको संयुक्त योगदान हुने गरी ७५ लाख रुपैयाँ बराबरको चेक हस्तान्तरण गरिएको थियो ।

यही मङ्सिर ३ गते अर्थमन्त्री खनाललाई उक्त ग्रुपको तर्फबाट अध्यक्ष सिद्धान्त ठकुरीले चेक हस्तान्तरण गरेका थिए ।

सरकारद्वारा स्थापित भौतिक पूर्वाधार पुनर्निर्माण कोषमा योगदान गर्ने दुवै कम्पनीलाई सरकारको तर्फबाट अर्थमन्त्री खनालले विशेष धन्यवाद ज्ञापन गरेका थिए । उक्त कोषमा आइतबारसम्म नौ करोड ३० लाख रुपैयाँ जम्मा भएको अर्थमन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयले जानकारी दिए ।रासस

# चितवनबाट फरार बन्दी झापामा पक्राउ

**झापा ।**
जेन्जी आन्दोलनका क्रममा चितवनबाट फरार रहेका एक जना बन्दी यहाँ पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा शिवसताक्षी नगरपालिका–८ का २९ वर्षीय आशिष सुब्बा रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता खगेन्द्रबहादुर खड्काले बताउनुभयो । सुब्बा सालकको अखेटोपहार मुद्दामा चितवन कारागारमा बन्दी रहेका थिए । प्रहरीले खोजतलासका क्रममा उनलाई घरबाटै



आइतबारपक्राउ गरेको जनाएको छ । चितवन कारागारबाट भागेपछि सुब्बा आफ्नै घरमा आएर लुकिछिपी बस्दै आएका थिए । पक्राउपछि इलाका प्रहरी कार्यालय झिलझिलेमा राखिएका सुब्बालाई चितवन कारागारमा पठाइने भएको छ ।रासस

# जानकी मातालाई १११ मिटर लामो चुनरी



–मिश्री लाल मधुकर

विवाह पञ्चमीको अवसरमा जानकी मन्दिरमा १ सय ११ मिटर लामो चुनरी चढाइएको थियो। अखिल भारतीय जीन माता सेवा संघ सूरतले चुनरी प्रदान गरेको हो । सीताराम गौशालाका अध्यक्ष मनोज कुमार रुङ्गठाको नेतृत्वमा सैयौँको सहयोगमा चुनरी जानकी मन्दिरमा लगिएको थियो र गर्भगृहमा जानकी मन्दिरका उत्तराधिकारी महन्त राम रोशन दास वैष्णवलाई हस्तान्तरण गरिएको थियो । कार्यक्रममा मारवाड़ी सेवा समितिका अध्यक्ष निर्मल चौधरी, महासचिव प्रमोद अग्रवाल, उद्योगपति तथा सामाजिक कार्यकर्ता ओम सर्राफ, सोहन लाल वर्मालगायत ठूलो संख्यामा स्थानीय उपस्थित थिए ।

# १२ बुँदे माग बोकेर सिंहदरबार पुग्यो सीके राउतको जनमत पार्टी



**काठमाडौँ।**
डा. सीके राउत नेतृत्वको जनमत पार्टीले प्रधानमन्त्री सुशीला कार्कीलाई १२ बुँदे विस्तृत ज्ञापनपत्र बुझाउँदै मधेश, थरूहट र स्वराज आन्दोलनसँग जोडिएका पुराना राजनीतिक सम्झौताहरू तत्काल कार्यान्वयन गर्न सरकारलाई आग्रह गरेको छ। सोमबार पार्टीका शीर्ष नेताहरू प्रधानमन्त्रीको कार्यालयमै पुगेर उक्त ज्ञापनपत्र बुझाएका हुन्।

पार्टीले भनेका मुख्य मागहरुमा जनमत पार्टीले मधेश, थरूहट र स्वराज आन्दोलनका क्रममा नेपाल सरकारसँग भएका २२ बुँदे, ८ बुँदे र ११ बुँदे सम्झौताहरू अझै पूरा नभएकाले बाँकी कार्यहरू शीघ्र कार्यान्वयन गर्न सरकारलाई आग्रह गरेको छ । साथै, राजनीतिक आन्दोलनमा मुद्दा लागेकाहरूलाई जेल–हिरासतबाट मुक्त गर्ने, मुद्दा फिर्ता गर्ने तथा लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने माग पनि राखिएको छ।

त्यसैगरी, मधेशी युवाहरूलाई ध्यानमा राख्दै नेपाली सेनासहित अन्य सुरक्षा निकायमा समानुपातिक समावेशिता सुनिश्चित गर्न 'समूहगत भर्ती'को अभ्यास तुरुन्त शुरु गर्नुपर्ने माग ज्ञापनपत्रमा समावेश गरिएको छ।

२०६४ फागुन १६ को ८–बुँदे सम्झौतामा उल्लेख गरिएअनुसार प्रदेशहरूलाई पूर्ण अधिकार सम्पन्न बनाउँदै राजनीतिक, प्रशासनिक र आर्थिक स्वायत्तताको व्यवस्था तत्काल लागू गर्नुपर्ने जनमत पार्टीको माग छ । स्थानीय निकायहरू प्रदेश मातहत राखिनुपर्ने भनाइ पनि जोडिएको छ।

संघीय संरचना र संविधानअनुसार प्रहरी संगठनलाई पूर्ण रूपमा प्रदेश सरकार मातहत राख्नुपर्ने जनमत पार्टीले स्पष्ट गरेको छ।

तराई–मधेशमा ५३–५४ प्रतिशत जनसंख्या भए पनि सोअनुसार प्रतिनिधित्व नपाएको जनमत पार्टीको दाबी छ । त्यसैले प्रतिनिधि सभा निर्वाचन क्षेत्र निर्धारण पूरा रूपमा जनसंख्यालाई आधार मानेर गर्नुपर्ने जोड दिइएको छ।

लुम्बिनी, सुदूरपश्चिम र प्रदेश नं. १ का सीमाङ्कन स्थानीय जनभावना अनुसार संशोधन गर्नुपर्ने माग पनि ज्ञापनपत्रमा समेटिएको छ । जनमत पार्टीले सरकारलाई यसपटकका मागहरू केवल राजनीतिक संवादको विषय नभई संविधानसम्मत अधिकार र पुराना सम्झौताको बक्यौता पूरा गर्ने जिम्मेवारीका रूपमा लिन आग्रह गरेको छ।

# जसपा नेपालले सार्वजनिक गर्यो २८ बुँदे माग

**काठमाडौँ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालले देशका प्रमुख राष्ट्रिय मुद्दा तथा पार्टीले लामो समयदेखि उठाउँदै आएका २८ बुँदे मुख्य मागहरूको विस्तृत सूची सार्वजनिक गरेको छ । पार्टीका प्रचार विभाग प्रमुख पूर्ण बस्नेतका अनुसार, यी मागहरू संविधान संशोधन, राज्य पुनर्संरचना, सुशासन, भ्रष्टाचार नियन्त्रणदेखि 'जेन जी' आन्दोलनसँग सम्बन्धित मुद्दासम्म केन्द्रित छन्।

जसपा नेपालले संघीयताको मूल मर्मअनुसार प्रदेशहरूलाई वास्तविक अधिकार सम्पन्न बनाउन संविधान संशोधन—आवश्यक परे पुनर्लेखनसमेत—गर्नुपर्ने माग गर्दै आएको छ।

पार्टीले २०६८ सालमा राज्य पुनर्संरचना उच्च स्तरीय आयोगले पेस गरेको प्रतिवेदनका आधारमा ९ देखि १० प्रदेश रहने मोडेल पुनःस्थापना गर्नुपर्ने स्पष्ट माग राखेको छ।

बस्नेतका अनुसार, हाल देखिएको 'जेन जी' आन्दोलनले उठाएका न्यायोचित मागहरूलाई सरकारले संवेदनशीलतापूर्वक समाधान गर्नुपर्ने जसपाको ठोस धारणा हो।

पार्टीले आन्दोलनका क्रममा भएका हिंसा, आगजनी, हत्या तथा तोडफोडजस्ता घटनाहरूको निष्पक्ष छानबिन गरी दोषीहरूलाई कानूनी दायरामा ल्याउन माग गरेको छ। दमनका नाममा भएका मानवअधिकार उल्लङ्घनहरूको पनि समीक्षा गर्नुपर्ने उल्लेख छ।

जसपाले सुशासन र पारदर्शिता प्रभावकारी बनाउन सरकारलाई चुनौती दिँदै विगतका सबै भ्रष्टाचार काण्डहरूको सत्यतथ्य छानबिन हुनुपर्ने जोर दिएको छ। पार्टीका अनुसार सत्ता प्रयोगका नाममा भएका आर्थिक प्रकरणलाई छानबिन गरी सम्लग्नलाई कानूनअनुसार कारबाही नगरेसम्म सुशासनको प्रत्याभूति सम्भव छैन।

जसपा नेपालको केन्द्रीय कार्यकारिणी समितिको बैठकले २८ बुँदे मागहरू औपचारिक रूपमा पारित गर्दै यी मागहरूको कार्यान्वयनका लागि मंसिर १० गतेदेखि संघर्षका विभिन्न चरणबद्ध कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ।

प्रचार विभाग प्रमुख बस्नेतका अनुसार, अब जसपा सडक तथा शान्तिपूर्ण आन्दोलन दुवै माध्यममार्फत सरकारलाई दबाब दिने रणनीतिमा अघि बढ्नेछ।

जसपाले प्रस्तुत गरेको मागसूचीलाई देशको दीर्घकालीन समाधान र राजनीतिक स्थिरताका लागि अपरिहार्य कदमका रूपमा व्याख्या गरिएको छ।

# विवाहपञ्चमीको रौनक मणिमण्डप ओझेलमा



**जनकपुरधाम।**
साताव्यापी विवाहपञ्चमी महोत्सवले जनकपुरधाम आजकल उत्सवमय बनेको छ । स्थानीयबासिन्दादेखि भारतका विभिन्न शहरबाट आएका भक्त तथा पर्यटकको भीडले जनकपुर गुलजार छ। राम–सीताको विवाहका गीतले सहरभर पवित्र माहोल फैलिएको छ।

तर, यस्तो चहलपहलका बीच त्रेतायुगमा भगवान् राम र सीताको वास्तविक विवाह स्थल मानिने मणिमण्डप भने वर्षौंदेखि जस्तै यसपालि पनि उपेक्षा र अनदेखीको सिकार बनेको छ।

किंवदन्ती अनुसार यही मणिमण्डपमा भगवान् राम र सीताको विवाह सम्पन्न भएको थियो । जनकपुरधाम उपमहानगरपालिका–१३ मा अवस्थित यो स्थल जानकी मन्दिरबाट जम्मा तीन किलोमिटर टाढा मात्र छ।

तर, विवाहपञ्चमीमा जानकी मन्दिर र नयाँ विवाहमण्डप त झकिझकाउ सजाइए पनि मणिमण्डपमा कुनै उत्सवको माहोल हुँदैन। मणिमण्डप क्षेत्रमा पुरातत्त्व विभागले दुईपटक उत्खनन गरिसकेको छ । उत्खननमा त्रेतायुगसँग सम्बन्धित कलात्मक भाँडाकुँडा र अन्य पुरातात्त्विक सामग्री भेटिएका थिए।

मणिमण्डपनजिकै रामले विवाहमण्डप प्रवेश गर्नुअघि खुट्टा धोएको पोखरी, विवाह वेदी, वेदीमा प्रयोग भएका फूल–पात विसर्जन गर्ने पुराना पोखरीहरूसमेत छन्। तर यिनको हालतसमेत जस्ताको त्यस्तै—ओझेलमै।

विवाहको लागि जनकपुर आउने श्रद्धालुलाई सुविधा दिन शहरी विकास मन्त्रालयले मणिमण्डप क्षेत्रकै नजिक १८ करोड ५३ लाख रुपैयाँ खर्चेर विशाल 'विवाह प्यालेस' निर्माण गरेको छ।

विवाहपञ्चमीले जनकपुरधाम विश्वभर प्रचार पाउँदै आएको अवस्थामा मणिमण्डपजस्ता ऐतिहासिक र धार्मिक दृष्टिले महत्वपूर्ण स्थललाई अवहेलना गरिनु दुःखद रहेको स्थानीयहरूको प्रतिक्रिया छ।

सांस्कृतिक पर्यटनलाई थप मजबुत बनाउन मणिमण्डप क्षेत्रको संरक्षण, प्रचार र व्यवस्थापनमा सरकार र सरोकारवालाको तत्काल ध्यान आवश्यक देखिन्छ।

# रहेनन् एक्सन हिरो धर्मेन्द्र



**काठमाडौँ।**
बलिउडका 'एक्सन हिरो' धर्मेन्द्रको ८९ वर्षको उमेरमा सोमबार निधन भएको छ। करिब ३०० सिनेमामा अभिनय गरेका धर्मेन्द्रको करिअरको अर्जुन हिंगोरानीको फिल्म दिल भी तेरा हम भी तेरेबाट शुरु भएको थियो। १९६० को दशकमा फूल और पत्थर फिल्मबाट एक्सन हिरोका रूपमा उदाएका धर्मेन्द्रलाई मेरा गाँव मेरा देशको सफलताले स्थापित गरेको थियो । सोले, चुपके चुपके, सत्यकाम, अनुपमा, हकिकत, सीता और गीता, जुगनु, बन्दिनी, धरमवीर, शालिग्राम, ड्रिम गर्ल, अपने आदि उनका चर्चित फिल्म हुन्।

पछिल्लो समय उनले करण जौहरको पारिवारिक फिल्म रक्की और रानीकी प्रेम कहानीमा अभिनय गरेका थिए। अभिनेता धर्मेन्द्रलाई १० नोभेम्बरमा स्वास्थ्य बिग्रिएपछि मुम्बईको ब्रिच क्यान्डी अस्पतालमा भर्ना गराइएको थियो।

त्यसयता उनको परिवार र प्रशंसकहरूले स्वास्थ्यलाभका लागि प्रार्थना गरिरहेका थिए । यहीबीच उनको निधनको अफवाह पनि फैलिएको थियो। पछि चिकित्सकहरूले उनलाई अस्पतालबाट घर पठाएका थिए।

त्यतिबेलादेखि घरमै उनको हेरचाह भइरहेको थियो। भारतका धेरै कलाकारजस्तै राजनीतिमा समेत उनी सक्रिय भए। सन् २००४ को लोकसभा चुनावमा भाजपाका तर्फबाट धर्मेन्द्रले उम्मेदवारी दिए। निर्वाचनमा उनी विजयी पनि भएका थिए।

# प्रतिनिधिसभा निर्वाचनका लागि ६४ दल दर्ता

**काठमाडौँ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि हालसम्म ६४ राजनीतिक दलले निर्वाचन आयोगमा दर्ता गराएका छन्। आयोगका अनुसार सोमबार साँझसम्म दर्ता प्रक्रिया पूरा गर्ने दलहरूको संख्या ६४ पुगेको हो।

निर्वाचन प्रयोजनका लागि दल दर्ता मंसिर १ गतेबाट शुरु भएको र मंसिर १० गतेसम्म कायम रहनेछ।दर्ता भएका दलमा प्रमुख पार्टी नेपाली कांग्रेस, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी तथा विभिन्न वाम समूह मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टीसमेत रहेका आयोगले जनाएको छ।

यसैबीच, नेकपा एमालेलगायत केही दलले भने अझै दर्ता प्रक्रिया पूरा गर्न बाँकी छ।समग्रमा आयोगमा दर्ता राजनीतिक दलको संख्या अहिले १३५ पुगेको छ । तर तीमध्ये निर्वाचन प्रयोजनका लागि दर्ता गरेका दलमात्रै फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा सहभागी हुन योग्य हुनेछन् । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम अनुसार आगामी ६ माघमा उम्मेदवारको मनोनयन पत्र दर्ताको समय छ । सोही दिन बेलुका उम्मेदवारको सूची प्रकाशन हुनेछ।

मनोनयन पत्र दर्ता भएका उम्मेदवारको विरोधमा उजुरी दिने दिने दिन ७ माघ हुनेछ । ८ माघमा मनोनयन पत्र र उजुरी उपर जाँचबुझ एवम् निर्णय गर्नेछ।

पुनः उम्मेदवारको नामावली प्रकाशन गरिनेछ । ९ माघमा उम्मेदवारको नाम फिर्ता लिन सक्नेछन् । सोही उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनेछ र उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ।

# बमजनको मुद्दामा पेशी



**मधेशदृष्टि**
**सर्लाही।**
सम्पत्ति शुद्धीकरण आरोपमा पुर्पक्षका लागि थुनामा रहेका रामबहादुर बम्जनविरुद्ध दायर मुद्दा अब सर्वोच्च अदालतमा सुनुवाइका लागि पेशी चढेको छ।

सर्वोच्च अदालतका कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल तथा न्यायाधीश शान्तिसिंह थापाको संयुक्त इजलासमा मुद्दा हेर्ने तारीख तोकिएको हो।

बम्जनविरुद्ध २०८१ फागुन ५ गते सर्लाही जिल्लामा मनी लाउन्डरिङसम्बन्धी मुद्दा दर्ता गरिएको थियो । मुद्दाको प्रारम्भिक सुनुवाइपछि जिल्ला अदालतले उनलाई पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको थियो । आदेशविरुद्ध बम्जन उच्च अदालत जनकपुर पुगे पनि उच्च अदालतले जिल्ला अदालतको निर्णय सदर गरिदिएपछि उनी सर्वोच्च अदालतमा दफा ७३ बमोजिम थुनामुक्तिका लागि निवेदन लिएर आएका हुन्।

बम्जनमाथि सवा ८ करोड रुपैयाँभन्दा बढी बिगोसहित सम्पत्ति शुद्धीकरण मुद्दा दर्ता गरिएको छ। मुद्दामा ८ करोड २७ लाख ५९ हजार ४ सय ८१ रुपैयाँको बिगो कायम गर्दै त्यसको दोब्बर जरिवाना र कानून बमोजिम कैद सजाय माग गरिएको छ । यसअघि बम्जन एक नाबालिका अनुयायीमाथि यौन दुराचार गरेको आरोपमा सर्लाही जिल्ला अदालतबाट १० वर्ष कैद तथा पाँच लाख रुपैयाँ क्षतिपूर्तिको सजाय पाएका थिए। तर सो फैसलाविरुद्ध उनको पुनरावेदन उच्च अदालत जनकपुरले चैत ६ गते उल्ट्याउँदै सफाइ दिएपछि उनी जेलमुक्त भएका थिए । सम्पत्ति शुद्धीकरणसहितको नयाँ मुद्दाको सुनुवाइबाट अब बम्जनको कानूनी अवस्थाले कस्तो रूप लिन्छ, भन्ने विषयमा सबैको ध्यान सर्वोच्चतर्फ केन्द्रित छ।

# राजेन्द्र श्रेष्ठ समूह मङ्सिर ११ गते नेकपामा जाने

**काठमाडौँ।**
पुष्पकमल दाहाल नेतृत्वको नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र जसपा (राजेन्द्र श्रेष्ठ नेतृत्व पक्ष) बीच मङ्सिर ११ गते औपचारिक एकता घोषणा हुने भएको छ । काठमाडौंको प्रदर्शनीमार्गस्थित राष्ट्रियसभा गृहमा एकता कार्यक्रम आयोजना गर्न लागिएको हो।

यसअघि एकता घोषणासभा मङ्सिर १० मा तय गरिएको थियो तर देशभरका नेता तथा अग्रपंक्तिका कार्यकर्ताले कार्यक्रममा सहभागी हुन समय मिलाउनुपर्ने माग गरेपछि कार्यक्रम एक दिन पर सारिएको जसपाका नेता दुर्गा सुवेदीले जानकारी दिए।

सुवेदीका अनुसार एकता घोषणासभा मङ्सिर ११ गते दिउँसो १ बजे राष्ट्रियसभा गृहमा सुरु हुनेछ। साथै, एकता योजनाका सबै तयारी पूरा गर्न मङ्सिर १० गते सोह्रखुट्टेस्थित नेपाः राष्ट्रिय बैंकेटमा भेला समेत बोलाइएको छ।

एकता समारोहमा नेकपा र जसपा एकीकरण पक्षधर समूहका शीर्ष नेताहरूले सम्बोधन गर्ने कार्यक्रम रहेको जनाइएको छ । आइतबार मात्र अशोक राई नेतृत्वको जसपाबाट राजेन्द्र श्रेष्ठसहित ६ जना नेता नेकपा नजिकिएको घोषणा गर्दै एकीकरण प्रक्रियामा सहभागी भएका थिए।

दुवै पक्षका नेताहरूले यो एकतालाई वाम राजनीति सुदृढीकरण र राष्ट्रिय राजनीतिमा नयाँ शक्ति निर्माणको प्रयासको रूपमा चित्रित गरेका छन्।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन